# नेपाल प्रहरी कार्य योजना -२०८०

## नेपाल प्रहरी प्रधान कार्यालय,

## नक्साल, काठमाडौं ।

**(पहिलो संशोधन मिति २०८१ साउन १६ गते)**

## प्रहरी महानिरीक्षकको भनाइ

नेपालको संविधान, प्रहरी ऐन,२०१२ तथा प्रचलित ऐन कानुनहरू अनुरूप अपराधको रोकथाम, नियन्त्रण तथा अनुसन्धान र शान्ति सुरक्षा व्यवस्थापनको अख्तियारी पाएको नेपाल प्रहरीले स्थापना कालदेखि नै सङ्गठनले सम्पादन गर्ने कार्य र प्रवाह गर्ने सेवाको विश्वसनीयता, गुणस्तरीयता एवं जिम्मेवारीप्रतिको समर्पणलाई निरन्तर परिष्कृत, परिमार्जित र सुदृढ गर्दै समय, परिवेश र विकासको गतिसँगै सङ्गठनको विकास र विस्तार गर्दै आइरहेको छ। सोही बमोजिम नेपाल प्रहरीको आन्तरिक तथा  सांगठनिक क्षमतालाई स्वच्छ, सुदृढ, सबल, प्रविधियुक्त बनाई अपराधको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा देखा परेका नविन प्रकृति तथा प्रवृत्तिले सृजना गर्न सक्ने चुनौतीहरूको सामना गर्दै गुणस्तरीय, प्रभावकारी एवं नागरिकमैत्री सेवा प्रवाहको सुनिश्चितताको लागि नेपाल प्रहरीमा शोधमा आधारित योजनाबद्ध कार्ययोजनाको रूपमा यो "नेपाल प्रहरी कार्ययोजना -२०८०" तयार पारिएको छ।

निकट भविष्यमा हुने प्रहरी समायोजनका विषयहरू तथा शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका क्षेत्र एवं नागरिकमैत्री सेवा प्रवाहको विषयमा गहन छलफल एवं सक्रिय सहभागिताबाट तयार पारिएको यो कार्ययोजनाले समग्र राष्ट्र एवं सङ्गठनको हितमा कार्य सम्पादन गर्न अहम् भूमिका खेल्नेछ भने प्रहरी कार्यमा सूचना प्रविधिको आवश्यकता तथा प्रयोग वृद्धि भएको परिप्रेक्षमा नेपाल सरकारको नीति तथा कार्यक्रममा समाविष्ट विषयहरू तथा दिगो विकासको लक्ष्य अनुरूप अपराध अनुसन्धान, भिड नियन्त्रण, राजमार्ग तथा ट्राफिक व्यवस्थापन, तालिम गतिविधि लगायतका विषयमा प्रविधिको व्यापक प्रयोगको माध्यमबाट छिटो छरितो, नागरिकमैत्री तथा व्यवसायिक प्रहरी सेवा प्रवाहमा थप प्रभावकारिता वृद्धि हुनेछ भन्ने मैले विश्वास लिएको छु।

नेपाल प्रहरीका समग्र कर्मचारीहरूको क्षमता विकास तथा मनोबल बढाउन सकारात्मक कार्य वातावरण तथा सेवा सुविधामा समयानुकूल सुधार हुनुपर्ने अपेक्षालाई कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको सूक्ष्म अध्ययनमा आधारित रहि कार्ययोजना क्रियाकलाप मार्फत सम्बोधन गर्ने प्रयत्न गरिएको छ। कल्याणकारी योजनाको यथोचित कार्यान्वयन, विपद् व्यवस्थापन, संचार, साईवर, डिजिटल फरेन्सिक, विधि विज्ञान प्रयोगशाला लगायतका क्षेत्रहरूमा आवश्यक उपकरणको खरिद तथा जडान गरी साधन-श्रोत सम्पन्न बनाउनुपर्ने आवश्यकता देखिएको छ।

प्रहरीको  जनशक्ति तथा साधन-श्रोतको उच्चतम प्रयोग गर्दै नेपाल सरकारका प्राथमिकता, नीति तथा कार्यक्रम, गृह प्रशासन सुधार कार्य योजना-२०७८, गृह प्रशासन सुधार प्रतिवेदन-२०८१, नेपाल प्रहरीको दीर्घकालीन रूपान्तरण योजना-२०७८ नेपाल प्रहरी कार्ययोजना-२०७७  तथा २०७९ लगायतमा समावेश महत्वपूर्ण विषयवस्तुलाई मुख्य आधार मानी तयार गरिएको यो कार्य योजनाले नेपाल प्रहरीको सुदृढीकरण गरी संस्थागत विकास र सेवा प्रवाहमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। कार्य योजनामा समावेश भएका लक्ष्य, कार्यगत उद्देश्य,कार्ययोजना क्रियाकलापहरूको कार्यान्वयनमा मुख्य जिम्मेवार कार्यालय तथा कार्य योजना क्रियाकलाप सम्पन्न गर्न सहयोगी भूमिकामा रहेका प्रहरी इकाइहरूले कार्य योजनाको नतिजा मूलक प्रगति विवरण आवधिक रूपमा प्रतिवेदन गरी सांगठनिक विकासका उद्देश्यहरू हासिल गर्न सम्पूर्ण कर्मचारीहरूलाई आ-आफ्नो क्षेत्रबाट इमानदार प्रयास तथा जिम्मेवारी निर्वाह गर्न अनुरोध एवं निर्देशन गर्दछु।

**२०८१ साउन २८ गते।**

(प्रथम संशोधन मिति २०८१ साउन १६ गते)

प्रहरी महानिरीक्षक

(बसन्त बहादुर कुँवर)

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| ADB | Asian Development Bank |
| AFIS | Automated Fingerprint Information System |
| CAP | Crime Action plan |
| CCTV | Closed-Circuit Television |
| CPEX | Command Post Exercise |
| CTEVT | Council for Technical Education & Vocational Training |
| DFL | Digital Forensic Lab |
| DRS | Digital Record System |
| FCDO | Foreign, Commonwealth & Development Office |
| FPU | Formed Police Units |
| FRS | Facial Recognition System |
| HF | High Frequency |
| HMIS | Health Management Information System |
| IMS | Inventory Management System |
| INTERPOL | International Criminal Police Organization |
| IPO | Individual Police Officers |
| ISO | International Organization for Standardization |
| KOICA | Korea International Cooperation Agency |
| MD | Doctor of Medicine |
| MPS | Master in Police Science |
| MS | Master of Surgery |
| NCIC | National Crime Information Center |
| O&M | Organization and Management |
| ORMS | Online Recruitment Management System |
| PCC | Policy Coordination Committee |
| PCRS | Peacekeeping Capability Readiness System |
| PMIS | Personal Management Information System |
| PRS | Provincial Recording System |
| SBEX | Scenario Based Exercise |
| SMART | Specific, Measurable, Attainable, Relevant, Time Bound |
| TCA | Traffic Communication Application |
| UN | United Nations |
| UNPOL | United Nations Police |
| आ.व. | आर्थिक वर्ष |
| प्र.का.स. | प्रहरी कार्यालय सहयोगी |
| प्र.प्र.का. | प्रहरी प्रधान कार्यालय |
| प्र.ब.ह. | प्रहरी वरिष्ठ हवल्दार |
| यु.एन. | यूनाइटेड नेशन्स् |

# विषय सूची


१. परिचय ........ १

२. उद्देश्य ........ १

३. कार्ययोजनाका लक्ष्यहरू ........ २

४. कार्यान्वयन सम्बन्धी व्यवस्था ........ २

क) अभिमुखीकरण ........ २

ख) कार्यान्वयन ........ २

ग) अनुगमन, मूल्याङ्कन, प्रतिवेदन र पुनरावलोकन ........ ३

५. कार्ययोजना ........ ४

क) बेन्चमार्क गतिविधिहरू (Benchmark Activities) ........ ४

ख) कार्ययोजनाको कार्यान्वयन तालिका ........ ६

लक्ष्य १ : संघीय संरचना अनुरूप प्रहरी कर्मचारीहरूलाई नेपाल प्रहरी र प्रदेश प्रहरीमा समायोजन गर्ने ........ ६

लक्ष्य २: विद्यमान कानुन तथा नीतिमा समय सापेक्ष सुधार गर्ने ........ १०

लक्ष्य ३: नेपाल प्रहरीको इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने ........ १३

लक्ष्य ४: नेपाल प्रहरीको आन्तरिक सुदृढीकरण गर्ने ........ १४

लक्ष्य ५: विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान प्रणालीको विकास गर्ने ........ १८

लक्ष्य ६: शान्ति सुरक्षा तथा प्रहरी कारबाही व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्ने ........ २५

लक्ष्य ७: प्रहरी सेवा प्रवाहमा प्रविधिमैत्री प्रणालीको विकास गर्ने ........ ३०

लक्ष्य ८: नेपाल प्रहरीको खोज तथा अन्वेषण र अनुगमन तथा मूल्याङ्कन पद्धतिको सुदृढीकरण गर्ने ........ ३५

लक्ष्य ९: नागरिक केन्द्रित प्रहरी सेवा प्रवाहमा अभिवृद्धि गर्ने ........ ३७

लक्ष्य १०: प्रहरी जनशक्ति व्यवस्थापन तथा सुदृढीकरण गर्ने ........ ३९

लक्ष्य ११: वैज्ञानिक र आवश्यकतामा आधारित प्रशिक्षण प्रणाली विकास गर्ने ........ ४२

लक्ष्य १२: भौतिक पूर्वाधारको विकास तथा श्रोत साधनको समुचित व्यवस्थापन गर्ने ........ ४६

लक्ष्य १३: कल्याणकारी योजनाहरूको क्षेत्र र पहुँच अभिवृद्धि गर्ने ........ ४८

६. जोखिम र जोखिम व्यवस्थापन ........ ५४

७. संक्षेप ........ ५८

## १. परिचय

नेपाल प्रहरीको समयसापेक्ष सांगठनिक विकास तथा प्रहरी सेवा प्रवाहमा प्रभावकारीता वृद्धि गर्दै आन्तरिक सुदृढीकरण गर्ने उद्देश्यस्वरूप नेपाल प्रहरी कार्ययोजना – २०८०, आगामी २ वर्ष आ.व.२०८०/०८१ तथा २०८१/०८२ को लागि तयार गरिएको हो । नेपाल सरकारको न्यूनतम साझा कार्यक्रमहरू, आ.व. २०८०/८१ को स्वीकृत नीति कार्यक्रम, गृह प्रशासन सुधार योजना २०७८, तालुक गृह मन्त्रालयको वर्तमान प्राथमिकताका क्षेत्रहरू, नेपाल प्रहरीको रणनीतिक योजना, नेपाल प्रहरीद्वारा कार्यान्वयन गरिएका विगतका कार्ययोजनाहरू समेतका सन्दर्भसामग्रीहरूको अध्ययन गरी कार्य योजनाका विषयहरू निर्धारण गरिएका छन् । यस कार्ययोजनामा १३ मुख्य लक्ष्यहरू अन्तर्गत ४१ कार्यगत उद्देश्यहरू तथा २०७ क्रियाकलापहरू तय गरिएका छन् ।

नेपाल प्रहरीको प्राथमिकतागत क्षेत्रहरूको पहिचान गरी, वर्तमान समस्या तथा चुनौतीहरू दृष्टिगत गर्दै विगतका नेपाल प्रहरी कार्ययोजनाहरूको कार्यान्वयन प्रगति विवरणसम्बन्धी समीक्षात्मक प्रतिवेदनहरूबाट प्राप्त सुझावहरूलाई ध्यानमा राखी कार्ययोजनाका गतिविधिहरू निर्धारण गरिएका छन् । कार्ययोजनामा उल्लेखित गतिविधिहरूलाई यथासम्भव SMART (Specific, Measurable, Attainable, Relevant, Time Bound) बनाउने प्रयत्न गरिएको छ ।

प्रस्तुत कार्ययोजनाको कार्यान्वयन सन्दर्भमा सम्बन्धित जिम्मेवार कार्यालयका सम्पर्क अधिकृतहरूलाई कार्ययोजना सम्बन्धी अभिमुखीकरण गरी कार्ययोजना कार्यान्वयनमा प्रभावकारीता वृद्धि गर्ने र आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने योजना समावेश गरिएको छ । साथै नेपाल प्रहरीको आन्तरिक सुदृढीकरण तथा नागरिक केन्द्रित प्रहरी सेवा अभिवृद्धि गर्न प्राथमिकताका साथ बेन्चमार्कहरू निर्धारण गरी शीघ्र कार्यान्वयन गरिनेछ ।

यस कार्य योजनाको प्रमुख अंशको रूपमा रहेको कार्यान्वयन तालिका (Implementation Matrix) अन्तर्गत लक्ष्य, कार्यगत उद्देश्य, कार्ययोजना क्रियाकलाप, जिम्मेवार कार्यालय, सहयोगी कार्यालय, समय सीमा, कार्य प्रगति सूचक, अपेक्षित प्रतिफल र स्रोत व्यवस्थापन रहेका छन् भने कार्य प्रगति सूचकहरूको पनि विषयगत समय सीमा निर्धारण गरिएको छ । उद्देश्य अनुरूपका क्रियाकलापहरूलाई क्रमशः विस्तृत रूपमा समावेश गरिएको छ । कार्य सम्पन्न गर्ने क्रममा सम्बन्धित जिम्मेवार कार्यालयहरूले आवश्यक स्रोत साधनको उपयोग र उपयुक्त प्रक्रियाको अवलम्बन गर्न सक्नेछन् । तोकिएको समय-सीमाभित्र प्रभावकारी रूपमा कार्य सम्पन्न गर्नु, गराउनु सम्बन्धित जिम्मेवार तथा सहयोगी निकायको कर्तव्य हुनेछ । यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयन नै सम्बन्धित कार्यालयहरूको कार्यसम्पादन मूल्याङ्कनको प्रमुख आधारको रूपमा रहनुका साथै कार्यसम्पादन सम्झौताका क्रियाकलापहरू निर्धारण गर्दा कार्ययोजनाका क्रियाकलापहरूलाई प्रमुख आधार बनाइनेछ ।

## २. उद्देश्य

यस कार्ययोजनाको उद्देश्य प्रचलित कानुनको अधीनमा रही मुलुक भर सुदृढ शान्ति-सुव्यवस्था कायम राख्ने, अपराध रोकथाम तथा नियन्त्रण गर्न विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान क्षमता अभिवृद्धि एवं व्यवसायिक सुदृढीकरणको माध्यमबाट प्रहरी सेवा प्रवाहको गुणस्तर वृद्धि गरी समग्र प्रहरी सङ्गठनको दीर्घकालीन विकास तथा रूपान्तरण गर्नु हो ।

## ३. कार्ययोजनाका लक्ष्यहरू

नेपाल प्रहरी कार्य योजना - २०८० को मुख्य लक्ष्यहरू:

लक्ष्य १ : प्रहरी कर्मचारीहरूको संघीय संरचना अनुरूप समायोजन गर्ने ।

लक्ष्य २: विद्यमान ऐन कानुन निर्माणमा समय सापेक्ष सुधार गर्ने ।

लक्ष्य ३: नेपाल प्रहरीको इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने ।

लक्ष्य ४: नेपाल प्रहरीको आन्तरिक सुदृढीकरण गर्ने ।

लक्ष्य ५: विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान प्रणालीको विकास गर्ने ।

लक्ष्य ६: शान्ति सुरक्षा तथा प्रहरी कारबाही व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्ने ।

लक्ष्य ७: प्रहरी सेवा प्रवाहमा प्रविधिमैत्री प्रणालीको विकास गर्ने ।

लक्ष्य ८: नेपाल प्रहरीको खोज तथा अन्वेषण र अनुगमन तथा मूल्याङ्कन पद्धतिको सुदृढीकरण गर्ने ।

लक्ष्य ९: नागरिक केन्द्रित प्रहरी सेवा प्रवाहमा अभिवृद्धि गर्ने ।

लक्ष्य १०: प्रहरी जनशक्ति व्यवस्थापनलाई सुदृढ बनाउने ।

लक्ष्य ११: वैज्ञानिक र आवश्यकतामा आधारित प्रशिक्षण प्रणाली विकास गर्ने ।

लक्ष्य १२: भौतिक पूर्वाधारको विकास तथा श्रोत साधनको समुचित व्यवस्थापन गर्ने ।

लक्ष्य १३: कल्याणकारी योजनाहरूको क्षेत्र र पहुँच अभिवृद्धि गर्ने ।

## ४. कार्यान्वयन सम्बन्धी व्यवस्था

### क) अभिमुखीकरण

नेपाल प्रहरी कार्ययोजना-२०८० कार्यान्वयनमा जानु पूर्व सम्बन्धित जिम्मेवार कार्यालयका विशेषगरी अन्वेषण शाखामा कार्यरत सम्पर्क अधिकृतहरू (Focal Officers) लाई कार्य योजनामा उल्लेख भएका विषय तथा प्राथमिकताहरू थप स्पष्टता प्रदान गर्नका लागि अन्वेषण योजना तथा विकास निर्देशनालयबाट कार्ययोजना सम्बन्धी अभिमुखीकरण गरी कार्ययोजना कार्यान्वयनमा थप सहजीकरण गरिनेछ । साथै आवश्यकता अनुसार सम्बन्धित कार्यालयहरूले कार्ययोजना कार्यान्वयन तथा कार्य प्रगति प्रतिवेदन निर्माण गर्ने सन्दर्भमा एकरूपता कायम गर्न निर्देशनालयले सम्बन्धित सम्पर्क अधिकृतहरूलाई आवश्यकता अनुसार अभिमुखीकरण गर्नेछ ।

### ख) कार्यान्वयन

१. ‘नेपाल प्रहरी कार्ययोजना - २०८०’ को लक्ष्य अनुरूप क्रियाकलाप कार्यान्वयनको जिम्मेवारी मुलभूत रूपमा कार्ययोजना कार्यतालिका (Implementation Matrix) मा उल्लेखित जिम्मेवार कार्यालय र सहयोगी कार्यालयहरूको हुनेछ । जिम्मेवार कार्यालयले तोकिएको समयमा कार्य प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ । कार्ययोजना क्रियाकलापहरूको समयसीमा अन्वेषण योजना तथा विकास निर्देशनालयले सम्बन्धित कार्यालयमा पठाउने व्यवस्था मिलाउने छ ।

२. कार्ययोजनाको अनुगमन नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालयले गर्नेछ । सबै जिम्मेवार कार्यालयहरूले हरेक तीन-तीन महिनामा कार्य प्रगति प्रतिवेदन अन्वेषण योजना तथा विकास निर्देशनालयमा पठाउनुपर्नेछ ।

३. सम्बन्धित जिम्मेवार कार्यालयहरूले प्रत्येक योजना क्रियाकलाप कार्यान्वयनको लागि सम्पर्क अधिकृत (Focal Officer) तोकी सोको जानकारी अन्वेषण योजना तथा विकास निर्देशनालयलाई दिनुपर्नेछ ।

४. कार्यान्वयनको प्रगति प्रतिवेदन तथा अनुगमन सहजताका लागि सूचना प्रविधि निर्देशनालयले कार्यान्वयनको प्रगति अनुगमन सफ्टवेयर (Implementation Progress Tracking Software) निर्माण गर्नेछ ।

५. कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा अन्वेषण योजना तथा विकास निर्देशनालयमा सम्पर्क गर्नुपर्नेछ । विशेष परिस्थितीवश कार्य योजनाका क्रियाकलापहरू प्रभावित हुने भएमा मुख्य जिम्मेवार कार्यालयहरूले सोको अग्रिम जानकारी अन्वेषण योजना तथा विकास निर्देशनालयलाई दिनुपर्नेछ ।

६. यस कार्ययोजना आवश्यकता तथा औचित्यताको आधारमा नीति निर्माण समन्वय समितिबाट संशोधन गर्न सकिनेछ । यस प्रयोजनका लागि अन्वेषण, योजना तथा विकास निर्देशनालयले संशोधनका आधार सहितको पृष्ठपोषण समिति समक्ष पुनरावलोकनका लागि प्रस्तुत गर्नेछ ।

### ग) अनुगमन, मूल्याङ्कन, प्रतिवेदन र पुनरावलोकन

कार्ययोजना कार्यान्वयनको अनुगमन गर्ने तथा सोको प्रतिवेदन गर्ने मुख्य जिम्मेवारी नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालयको हुनेछ । निर्देशनालयले कार्ययोजना कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गर्ने क्रममा आवश्यकता अनुसार फिल्ड स्तरमा समेत अनुगमन गरी विस्तृत प्रतिवेदन तयार गर्नेछ ।

अन्वेषण योजना तथा विकास निर्देशनालयले कार्ययोजनाको वार्षिक कार्य प्रगति प्रतिवेदन प्रहरी महानिरीक्षक समक्ष पेश गर्नेछ ।

### अ. कार्ययोजना प्रतिवेदन तालिका

| त्रैमासिक समीक्षा (सम्बन्धित जिम्मेवार कार्यालय) | | अर्ध-वार्षिक समीक्षा (सम्बन्धित जिम्मेवार कार्यालय) | वार्षिक प्रतिवेदन (अन्वेषण योजना तथा विकास निर्देशनालय ) |
|---|---|---|---|
| कात्तिक २०८० | (दोस्रो हप्ता) | माघ २०८० (दोस्रो हप्ता) | साउन २०८१ (दोस्रो हप्ता) |
| माघ २०८० | (दोस्रो हप्ता) | | |
| वैशाख २०८१ | (दोस्रो हप्ता) | असार २०८१ (दोस्रो हप्ता) | |
| साउन २०८१ | (दोस्रो हप्ता) | माघ २०८१ (दोस्रो हप्ता) | साउन २०८२ (दोस्रो हप्ता) |
| कात्तिक २०८१ | (दोस्रो हप्ता) | | |
| माघ २०८१ | (दोस्रो हप्ता) | असार २०८२ (दोस्रो हप्ता) | |
| वैशाख २०८२ | (दोस्रो हप्ता) | | |

### आ. कार्ययोजना अनुगमन

कार्ययोजनाको अनुगमन नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयले आवधिक रूपमा गर्नेछ।

| मिति | अनुगमन गरिने कार्यालयहरू |
|---|---|
| पुस २०८० | • काठमाडौं उपत्यका प्रहरी कार्यालय<br>• कोशी, मधेश, बागमती प्रदेश प्रहरी कार्यालय<br>• काठमाडौँ उपत्यका प्रहरी कार्यालय तथा कोशी, मधेश, बागमती प्रदेश प्रहरी कार्यालय मातहतका कार्यालयहरू |
| जेठ २०८१ | • गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय<br>• गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय मातहतका कार्यालयहरू |
| पुस २०८१ | • काठमाडौं उपत्यका प्रहरी कार्यालय<br>• कोशी, मधेश, बागमती प्रदेश प्रहरी कार्यालय<br>• काठमाडौँ उपत्यका प्रहरी कार्यालय तथा कोशी, मधेश, बागमती प्रदेश प्रहरी कार्यालय मातहतका कार्यालयहरू |
| जेठ २०८२ | • गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय<br>• गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय मातहतका कार्यालयहरू |

### इ. संशोधन

कार्ययोजनाको पहिलो आर्थिक वर्षको प्रगति प्रतिवेदन, नयाँ आर्थिक वर्षका प्राथमिकता एवं नीति तथा कार्यक्रमहरू ईत्यादिको सन्दर्भमा यस कार्ययोजनालाई मिति २०८१।०४।१६ गतेको नीति निर्माण समन्वय समितिको बैठकद्वारा पूनरावलोकन गरी संशोधन र अद्यावधिक गरिएको छ।

## ५. कार्ययोजना कार्यान्वयन

नेपाल प्रहरी कार्ययोजना - २०८० को बेन्चमार्क गतिविधिहरू सहितको कार्यान्वयन तालिका निम्नानुसार रहेको छ।

### क) बेन्चमार्क गतिविधिहरू (Benchmark Activities)

व्यावसायिक प्रहरी मानवश्रोत विकास र लक्षित अपराध नियन्त्रण योजना नेपाल प्रहरी सेवाको विश्वसनीयता अभिवृद्धि गर्न उच्च प्राथमिकतायुक्त बेन्चमार्क कार्यक्रमहरू शीघ्र कार्यान्वयन गरिनेछ।

| कार्यक्रम क्षेत्र | | बेन्चमार्क गतिविधिहरू (Benchmark Activities ) |
|---|---|---|
| नेपाल प्रहरीको आन्तरिक सुदृढीकरण योजना | १ | नेपाल प्रहरीको विकासक्रम र इतिहासलाई अद्यावधिक गरी प्रकाशन गर्ने। |
| | २ | आर्थिक लगायत गैरव्यावसायिक/ गैरकानुनी क्रियाकलापमा शून्य सहनशीलताको नीतिलाई कठोरतापूर्वक लागु गर्ने कार्यादेश सहितको प्रहरी निरीक्षणालयलाई स्तरोन्नती गर्ने। |
| | ३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरू विरुद्ध हुने अपराध नियन्त्रण तथा अनुसन्धानलाई विशेष प्राथमिकताका दिने। |
| | ४ | नेपाल प्रहरी प्रधान कार्यालयलाई प्रविधिको प्रयोग मार्फत Smart & Efficient मोडल कार्यालयको रूपमा विकास गर्न कार्य बोझको आधारमा जनशक्ति व्यवस्थापन गर्ने। |
| | ५ | नेपाल प्रहरीको सम्पूर्ण चल, अचल सम्पत्तिको विवरण सङ्कलन गर्ने तथा कार्यविधि निर्माण गरी संरक्षण गर्ने। |
| नागरिक केन्द्रित प्रहरी सेवा | १ | सामाजिक सञ्जालको प्रयोग तथा विद्युतीय अपराध बीचको अन्तर सम्बन्धको अध्ययन गर्ने। |
| | २ | प्रहरी सेवाको सहज पहुँचमा नभएका, अल्पसंख्यक तथा जोखिममा रहेका वर्गलाई प्रहरीले दिने सेवालाई थप सुदृढ एवं प्रभावकारी बनाउने। |
| | ३ | जोखिम पुर्ण श्रममा संलग्न र सडक पेटीमा रहेका बालबालिकाको सङ्ख्या अद्यावधिक गरी सरोकारवाला निकायसँग समन्वय गर्ने। |

## ख) कार्ययोजनाको कार्यान्वयन तालिका

### कार्यान्वयन तालिका (Implementation Matrix)

| लक्ष्य १ : प्रहरी कर्मचारीहरूको संघीय संरचना अनुरूप समायोजन गर्ने |
|---|
| **कार्यगत उद्देश्यहरू** |
| १.१.प्रहरी कर्मचारीहरूलाई नेपाल प्रहरी र प्रदेश प्रहरीमा समायोजन गर्ने । |
| १.२. नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्य प्रवाह प्रभावकारी बनाउने । |
| १.३. नेपाल प्रहरी र प्रदेश प्रहरी बीचको सम्बन्ध, सहयोग तथा समन्वयमा विकास गर्ने । |

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| १.१. प्रहरी कर्मचारीहरूलाई नेपाल प्रहरी र प्रदेश प्रहरीमा समायोजन गर्ने । | १.१.१. प्रहरी समायोजन सम्बन्धमा नेपाल सरकार र गृह मन्त्रालयबाट प्राप्त निर्देशनहरू (सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समेत) को प्रभावकारी कार्यान्वयन गर्ने । | मानवश्रोत विकास विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | निरन्तर | • प्राप्त निर्देशनहरूको कार्यान्वयनको विवरण | प्रहरी समायोजन ऐन, २०७६ बमोजिम प्रहरी कर्मचारीहरूको समायोजन हुने । | नियमित बजेट |
| | १.१.२. नेपाल प्रहरीको समायोजन पश्चात् हुने संक्रमणकालिन व्यवस्थापनको अवधारणा निर्माण गर्ने । | प्रदेश समन्वय विभाग | मानवश्रोत विभाग, अपराध अनुसन्धान विभाग, अन्वेषण योजना तथा विकास निर्देशनालय, कानुन शाखा | २०८१ वैशाख | • समिति गठन<br>• अवधारणाको मस्यौदा तयार तथा छलफल<br>• स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | संक्रमणकालिन अवस्थामा नेपाल प्रहरी र प्रदेश प्रहरीको सेवा प्रवाह व्यवस्थित हुने । | नियमित बजेट |
| | १.१.३. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा २४ अनुसार आवश्यक नियमावली बनाउन पहल गर्ने । | कानुन शाखा | प्रहरी महानिरीक्षकको सचिवालय, प्रदेश समन्वय विभाग | २०८१ असोज | • मस्यौदा निर्माण<br>• स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वयमा थप कानुनी आधार निर्माण हुने । | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| १.२. नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्य प्रवाह प्रभावकारी बनाउने। | १.२.१. अन्तर प्रदेश प्रहरी परिचालन सम्बन्धी निर्देशिका मस्यौदा निर्माण गर्ने। | मानवश्रोत विकास विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • मस्यौदा निर्माण<br>• मस्यौदामा छलफल<br>• स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | नेपाल प्रहरी तथा प्रदेश प्रहरीको परिचालन तथा कार्य सम्पादन व्यवस्थित हुने। | नियमित बजेट |
| | १.२.२. अपराध नियन्त्रण तथा अनुसन्धानका सन्दर्भमा अन्तर प्रदेश, नेपाल प्रहरी र प्रदेश प्रहरी सम्बन्धी समन्वय निर्देशिका मस्यौदा तयार गर्ने। | अपराध अनुसन्धान विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • मस्यौदा निर्माण<br>• मस्यौदामा छलफल<br>• निर्देशिका तयार स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | अपराध नियन्त्रण तथा अनुसन्धानमा समन्वय वृद्धि भई कार्यगत सहजता हुने। | नियमित बजेट |
| | १.२.३. राष्ट्रिय राजमार्ग एवं राजमार्ग सुरक्षा निर्देशिका मस्यौदा तयार गर्ने। | कार्य विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • मस्यौदा निर्माण<br>• मस्यौदामा छलफल<br>• निर्देशिका तयार स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | राजमार्गमा सुरक्षा तथा ट्राफिक व्यवस्थापन प्रभावकारी हुने। | नियमित बजेट |
| | १.२.४. महत्वपूर्ण व्यक्ति, स्थान, निकाय, राष्ट्रिय महत्त्वका आयोजना, अन्तर्राष्ट्रिय विमानस्थल तथा विदेशी कूटनीतिक नियोगहरूको सुरक्षा सम्बन्धी छुट्टाछुट्टै निर्देशिका मस्यौदा निर्माण गर्ने। | कार्य विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • मस्यौदा निर्माण<br>• मस्यौदामा छलफल<br>• निर्देशिका तयार स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठानको प्रभावकारी सुरक्षा व्यवस्थापन हुने। | नियमित बजेट |
| | १.२.५. बेवारिसे सम्पत्तिको व्यवस्थापन निर्देशिका मस्यौदा तयार गर्ने। | कार्य विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • मस्यौदा निर्माण<br>• मस्यौदामा छलफल<br>• निर्देशिका तयार स्वीकृतिको लागि | बेवारिसे सम्पत्तिको व्यवस्थापन हुने। | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | | | | | मन्त्रालयमा प्रतिवेदन र पहल | | |
| | १.२.६. कारागार सुरक्षा व्यवस्थापन तथा अन्तर प्रदेश अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण सम्बन्धी निर्देशिका मस्यौदा तयार गर्ने । | कार्य विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • मस्यौदा निर्माण<br>• मस्यौदामा छलफल<br>• निर्देशिका तयार स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | थुनुवा र कैदीको सुरक्षित स्थानान्तरण हुने । | नियमित बजेट |
| | १.२.७. विपद् व्यवस्थापन सम्बन्धी कामका लागि नेपाल प्रहरी र प्रदेश प्रहरी परिचालन सम्बन्धी निर्देशिका मस्यौदा निर्माण गर्ने । | कार्य विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • मस्यौदा निर्माण<br>• मस्यौदामा छलफल<br>• निर्देशिका तयार<br>• स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | विपद् व्यवस्थापनमा नेपाल प्रहरी तथा प्रदेश प्रहरीको परिचालन सहज हुने । | नियमित बजेट |
| | १.२.८. प्रदेश प्रहरीको संचार प्रविधि र सूचना प्रविधिसँग सम्बन्धित उपकरण प्रयोग सम्बन्धी निर्देशिका मस्यौदा तयार गर्ने । | संचार निर्देशनालय/सूचना प्रविधि निर्देशनालय | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • मस्यौदा निर्माण<br>• मस्यौदामा छलफल<br>• निर्देशिका तयार स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | संचार सम्पर्क प्रभावकारी हुने। | नियमित बजेट |
| | १.२.९. नेपाल प्रहरी र प्रदेश प्रहरीले प्रयोग गर्ने हातहतियार, खरखजाना र सो को प्रयोग सम्बन्धी मापदण्ड निर्माण गर्ने । | कार्य विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • मस्यौदा निर्माण<br>• मस्यौदामा छलफल<br>• मापदण्ड तयार र स्वीकृति | हातहतियार, खरखजाना र सो को प्रयोगमा स्पष्टता हुने । | नियमित बजेट |
| | १.२.१०. निजी क्षेत्रका सुरक्षा प्रदायकबाट उपलब्ध गराइने सुरक्षा सेवा सम्बन्धी मापदण्ड | कार्य विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • समिति गठन<br>• छलफल<br>• सुझाव प्रतिवेदन | निजी क्षेत्रका सुरक्षा प्रदायकबाट प्रदान हुने सुरक्षा प्रभावकारी हुने । | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | निर्माणमा आवश्यक सुझाव प्रदान गर्ने । | | | | | | |
| | १.२.११. नेपाल प्रहरी र प्रदेश प्रहरीलाई दिईने तालिमको मापदण्ड निर्माण गर्ने । | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८० पुस | • मस्यौदा निर्माण<br>• मस्यौदामा छलफल<br>• मापदण्ड तयार र स्वीकृति | नेपाल प्रहरी तथा प्रदेश प्रहरीले सञ्चालन गर्ने तालिममा एकरूपता हुने । | नियमित बजेट |
| **१.३. नेपाल प्रहरी र प्रदेश प्रहरी बीचको सम्बन्ध, सहयोग तथा समन्वयमा विकास गर्ने ।** | १.३.१. प्रदेश प्रहरीसँग सम्बन्धित प्रचलित कानुन, ऐन, नियम तथा नीतिको अध्ययन गरी आवश्यक पृष्ठपोषण सहित अद्यावधिक प्रतिवेदन निर्माण गर्ने । | प्रदेश समन्वय विभाग | नेपाल प्रहरी प्रदेश कार्यालयहरू | २०८० भदौ | • समिति गठन<br>• अध्ययन प्रतिवेदन | नेपाल प्रहरी र प्रदेश प्रहरीसँग सम्बन्धित कानूनहरूमा सामञ्जस्यता आउने । | नियमित बजेट |
| | १.३.२. प्रदेश प्रहरीसँग सम्बन्धित कानुन निर्माणमा समन्वयकारी भूमिका निर्वाह गर्ने । | प्रदेश समन्वय विभाग | प्रहरी महानिरीक्षकको सचिवालय, नेपाल प्रहरी प्रदेश कार्यालयहरू, कानुन शाखा | निरन्तर | • समन्वय<br>• उपलब्धिका प्रगति प्रतिवेदन | द्विपक्षीय समन्वय र सहकार्यमा कानुन निर्माण हुने । | नियमित बजेट |

## लक्ष्य २: विद्यमान ऐन कानुन निर्माणमा समय सापेक्ष सुधार गर्ने।

**कार्यगत उद्देश्य**

**२.१. समय सापेक्ष नेपाल प्रहरीसँग सम्बन्धित ऐन/नियम निर्माण तथा संशोधनको लागि पहल गर्ने।**

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| **२.१. समय सापेक्ष नेपाल प्रहरीसँग सम्बन्धित ऐन/नियम निर्माण तथा संशोधनको लागि पहल गर्ने।** | २.१.१. प्रहरी ऐन, २०१२ लाई प्रतिस्थापन गर्ने कानुनको मस्यौदा उपर राय सुझाव प्रदान गर्ने। | कानुन शाखा | प्रहरी महानिरीक्षकको सचिवालय | २०८१ असोज | • समिति गठन<br>• सुझाव प्रतिवेदन तयारी<br>• तालुक मन्त्रालयमा सुझाव प्रतिवेदन पेश | नयाँ प्रहरी ऐन जारी भई सांगठनिक हित अभिवृद्धि हुने | नियमित बजेट |
| | २.१.२. प्रहरी नियमावली, २०७१ लाई प्रतिस्थापन गर्ने कानुनको मस्यौदा उपर राय सुझाव प्रदान गर्ने तथा तत्कालीन आवश्यकता सम्बोधनका लागि नियमावली संशोधनका लागि पहल गर्ने। | कानुन शाखा | प्रहरी महानिरीक्षकको सचिवालय | २०८१ पौष | • समिति गठन<br>• सुझाव प्रतिवेदन तयारी<br>• प्रहरी नियमावलीको मस्यौदा तयार<br>• नियमावलीको मस्यौदा गृह मन्त्रालयमा प्रतिवेदन | नयाँ प्रहरी नियमावली जारी भई सांगठनिक हित अभिवृद्धि हुने | नियमित बजेट |
| | २.१.३. नेपाल प्रहरी विशेष ब्यूरो (कार्य सञ्चालन) निर्देशिका तर्जुमा गर्ने। | कानुन शाखा | विशेष ब्यूरो | २०८१ असोज | • समिति गठन<br>• मस्यौदा निर्माण<br>• स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | विशेष ब्यूरोको कार्य प्रवाहमा सहजीकरण हुने। | नियमित बजेट |
| | २.१.४. नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (कार्य सञ्चालन) निर्देशिका तर्जुमा गर्ने। | कानुन शाखा | अपराध अनुसन्धान विभाग | २०८१ असोज | • समिति गठन<br>• मस्यौदा निर्माण<br>• स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | विधि विज्ञान प्रयोगशालाको कार्य प्रवाहमा सहजीकरण हुने। | नियमित बजेट |
| | २.१.५. प्रहरी कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, अवकाश, लगायतको वृत्ति विकास योजना पूर्वानुमान योग्य र स्वचालित | वृत्ति विकास महाशाखा | मानवश्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखा | २०८१ चैत | • समिति गठन<br>• मापदण्ड निर्माण<br>• स्वीकृतिको पहल | पूर्वानुमान योग्य वृत्ति विकास योजना निर्माण भई प्रहरी कर्मचारीको मनोबल तथा उत्प्रेरणा वृद्धि हुने। | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | प्रणाली (Automation) मा आधारित बनाउन मापदण्ड विकास गरी कार्यान्वयन गर्ने। | | | | • Automation प्रणालीको विकास र कार्यान्वयन | | |
| | २.१.६. अपराध सम्बन्धी सूचना सङ्कलन गर्न सूत्र परिचालन निर्देशिका निर्माण गर्ने। | अपराध अनुसन्धान विभाग | कानुन शाखा | २०८१ असोज | • समिति गठन<br>• छलफल तथा मस्यौदा निर्माण<br>• स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | निगरानी तथा सूचना सङ्कलन कार्य प्रभावकारी हुने। | नियमित बजेट |
| | २.१.७. अन्य सरकारी सेवा, सुरक्षा निकाय र नेपाल प्रहरी सेवामा भएका सेवा सुविधाको तुलनात्मक अध्ययन गरी समान सुविधा बनाउनको लागि पहल गर्ने। | कानुन शाखा | प्रहरी महानिरीक्षकको सचिवालय | २०८१ असोज | • अध्ययन प्रतिवेदन तयार<br>• स्वीकृतिको लागि मन्त्रालयमा प्रतिवेदन र पहल | कर्मचारीको मनोबल उच्च भई चुस्त सेवा प्रवाह हुने। | नियमित बजेट |
| | २.१.८. प्रहरी चारित्रिक प्रमाण पत्र वितरण निर्देशिका स्वीकृतिको लागि पहल गर्ने। | अपराध अनुसन्धान विभाग | प्रहरी महानिरीक्षकको सचिवालय | २०८० असोज | • निर्देशिका स्वीकृतिको लागि पहल<br>• कार्यान्वयन | प्रहरी चारित्रिक प्रमाण पत्र वितरण निर्देशिका स्वीकृत भई कानुनी व्यवधानमा कमी हुने। | नियमित बजेट |
| | २.१.९. नेपाल प्रहरीको समारोह व्यवस्थापन निर्देशिकालाई परिमार्जन गर्ने। | कार्य विभाग | प्रहरी महानिरीक्षकको सचिवालय | २०८० मंसिर | • समिति गठन<br>• प्रतिवेदन तयार<br>• स्वीकृति, कार्यान्वयन | नेपाल प्रहरीको समारोह व्यवस्थापनमा एकरूपता आउने। | नियमित बजेट |
| | २.१.१०. प्रहरी लगायत कानून कार्यान्वयन गर्ने सरकारी निकायलाई कार्य सम्पादनमा बाधा पुऱ्याएमा (Obstruction of Law Enforcement and Justice) कारबाही गर्ने कानुनी व्यवस्थाको लागि पहल गर्ने। | कानुन शाखा | प्रहरी महानिरीक्षकको सचिवालय | २०८२ असार | • कानून सुझाव समिति गठन<br>• सुझाव प्रतिवेदन निर्माण<br>• मन्त्रालयमा प्रतिवेदन | कानून कार्यान्वयनमा सहजता आउने। | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | २.१.११. प्रहरी गस्तीलाई समयानुकूल परिमार्जन र प्रभावकारी बनाउन मापदण्डको विकास गरी कार्यान्वयन गर्ने। | कार्य विभाग, काठमाडौँ उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरू | प्रहरी महानिरीक्षकको सचिवालय | २०८१ पौष र निरन्तर | • समिति गठन<br>• मापदण्डको विकास<br>• मापदण्डको स्वीकृति तथा कार्यान्वयन<br>• गस्ती सङ्ख्या | प्रहरी गस्तीमा प्रभावकारिता अभिवृद्धि हुने। | नियमित |

## लक्ष्य ३: नेपाल प्रहरीको इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने ।

**कार्यगत उद्देश्य**

३.१. नेपाल प्रहरी सम्बन्धी इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने ।

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | अनुगमन निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| ३.१. नेपाल प्रहरी सम्बन्धी इतिहासको संरक्षण गर्ने । | ३.१.१. नेपाल प्रहरीको विकासक्रम र इतिहासलाई अद्यावधिक गरी प्रकाशन गर्ने । | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, अन्वेषण योजना तथा विकास निर्देशनालय, वृत्ति विकास महाशाखा | प्रहरी महानिरीक्षकको सचिवालय | २०८१ पुस | • अद्यावधिक इतिहासको प्रकाशन | नेपाल प्रहरीको गौरवमय इतिहासको संरक्षण तथा प्रवर्द्धन हुने । | थप बजेटको व्यवस्था |
| | ३.१.२. नेपाल प्रहरी सङ्ग्रहालयलाई स्तरोन्नती गर्ने । | प्रशासन विभाग | प्रहरी महानिरीक्षकको सचिवालय | २०८१ चैत | • स्तरोन्नती योजना निर्माण तथा स्वीकृत<br>• सङ्ग्रहालयको विकसित स्वरूपको स्थापना | नेपाल प्रहरी सङ्ग्रहालयको स्तरोन्नती हुने । | थप बजेटको व्यवस्था |
| | ३.१.३. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा तालिम सङ्ग्रहालय स्थापनाको लागि पहल गर्ने । | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | प्रशासन विभाग | २०८१ भदौ | • योजना निर्माण<br>• योजना स्वीकृत<br>• बजेटको पहल<br>• सङ्ग्रहालय स्थापना | आधारभूत र सेवाकालीन तालिम सङ्ग्रहालय स्थापना हुने । | थप बजेटको व्यवस्था |
| | ३.१.४. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानबाट प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षक आधारभूत तालिम प्राप्त गरी दिक्षित भएका प्रहरी अधिकृतहरूको Alumni गठन गर्ने । | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | मानवश्रोत विकास विभाग | २०८१ भदौ | • योजना विकास<br>• स्वीकृत<br>• Alumni स्थापना | बहालवाला तथा पूर्व प्रहरी अधिकृत बीच थप सहकार्य भाइचाराको सम्बन्ध एवं सहयोग हुने । | नियमित बजेट |

| लक्ष्य ४: नेपाल प्रहरीको आन्तरिक सुदृढीकरण गर्ने। |
|---|
| **कार्यगत उद्देश्यहरू** |
| ४.१. नेपाल प्रहरीको अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई सुदृढ बनाउने। |
| ४.२. आर्थिक अनुशासन र पारदर्शिता कायम गर्ने। |
| ४.३. नागरिक मैत्री प्रभावकारी प्रहरी सेवा विस्तार गर्ने। |
| ४.४. नेपाल प्रहरीको विद्यमान संरचना तथा प्रणालीहरूको स्तरोन्नती गर्ने। |

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| ४.१. नेपाल प्रहरीको अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई सुदृढ बनाउने। | ४.१.१. गैर व्यावसायिक आचरण तथा क्रियाकलापमा शून्य सहनशीलताको नीतिलाई कठोरता पूर्वक लागू गर्ने कार्यादेश सहितको प्रहरी निरीक्षणालयलाई स्तरोन्नति गर्ने। | प्रहरी महानिरीक्षकको सचिवालय | सुपरिवेक्षण तथा अनुगमन महाशाखा | २०८१ कार्तिक | • कार्यादेश निर्माण<br>• स्वीकृती<br>• प्रहरी निरीक्षणालयको विकास<br>• कार्यादेश कार्यान्वयनको प्रगति विवरण | प्रहरी सङ्गठनमा आन्तरिक शुद्धीकरण हुने। | नियमित बजेट |
| | ४.१.२. व्यावसायिकता अभिवृद्धिका लागि आन्तरिक अनुगमन र सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाउने। | सुपरिवेक्षण तथा अनुगमन महाशाखा/ काठमाडौँ उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरू | प्रहरी महानिरीक्षकको सचिवालय | २०८१ असोज/निरन्तर | • योजना निर्माण<br>• योजना कार्यान्वयन<br>• गुनासो र पीरमर्का सम्बोधनको दर<br>• गुनासोकर्तालाई पृष्ठपोषणको दर | प्रहरी कर्मचारीहरूको व्यावसायिकता अभिवृद्धि हुने | नियमित बजेट |
| | ४.१.३. प्रहरी हवल्दार तथा जवान लक्षित उत्प्रेरणा अभिवृद्धि योजना, २०७७ पूर्ण रूपमा कार्यान्वयन गर्ने। | काठमाडौँ उपत्यका प्रहरी कार्यालय/प्रदेश प्रहरी कार्यालय | सुपरिवेक्षण तथा अनुगमन महाशाखा | २०८० साउन/निरन्तर | • योजना कार्यान्वयनको मासिक प्रगति विवरण | प्रहरी जवान, प्रहरी सहायक हवल्दार, प्रहरी हवल्दार तथा प्रहरी वरिष्ठ हवल्दारको उत्प्रेरणा वृद्धि हुने। | नियमित बजेट |
| ४.२. आर्थिक अनुशासन र | ४.२.१ प्रत्येक बजेट सञ्चालन हुने कार्यालयहरूमा बजेट खर्च तथा बाँकी बजेट सम्बन्धी विवरण मासिक रूपमा सम्बन्धित | प्रशासन विभाग/ काठमाडौँ उपत्यका प्रहरी कार्यालय/प्रदेश प्रहरी कार्यालय | प्रशासन विभाग | २०८१ साउन/निरन्तर | • अनुगमन योजना निर्माण<br>• कार्यान्वयनको प्रगति विवरण | आर्थिक अनुशासन र मितव्ययिता भई सार्वजनिक खर्च व्यवस्थापन प्रणालीमा सुधार हुने। | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| पारदर्शिता कायम गर्ने । | कार्यालयहरूले सूचनापाटीमा टाँस गर्ने र सोको अनुगमन काठमाडौँ उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरूबाट गरी प्रतिवेदन गर्ने । | | | | | | |
| | ४.२.२. नतिजामा आधारित र मितव्ययी आर्थिक प्रशासनको नीति अवलम्बन गर्ने । | आन्तरिक लेखा परीक्षण शाखा, बजेट शाखा | प्रशासन विभाग | २०८० असोज | • आर्थिक प्रशासनको नीति अवलम्बन<br>• प्रगति विवरण | आर्थिक प्रशासन नतिजामा आधारित र मितव्ययी हुने । | नियमित बजेट |
| ४.३. नागरिक मैत्री प्रभावकारी प्रहरी सेवा विस्तार गर्ने । | ४.३.१. प्रहरीले आम नागरिक र सेवाग्राहीहरूसँग गर्ने व्यवहारमा सकारात्मक र गुणात्मक सुधार गर्ने । | काठमाडौँ उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरू | अपराध अनुसन्धान विभाग, कार्य विभाग | २०८० भाद्र/ निरन्तर | • समिति गठन<br>• सुधारको योजना निर्माण तथा स्वीकृत<br>• योजना कार्यान्वयन प्रगति विवरण | प्रहरीको सेवा प्रवाह तथा छविमा सकारात्मक र गुणात्मक सुधार हुने । | नियमित बजेट |
| | ४.३.२. स्वच्छ, पारदर्शी तथा नागरिक मैत्री प्रहरी सेवा प्रवाहमा अभिवृद्धि गर्ने । | काठमाडौँ उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरू | अपराध अनुसन्धान विभाग, कार्य विभाग | २०८० असोज/निरन्तर | • समिति गठन<br>• सेवा प्रवाह अभिवृद्धिका उपायहरूको पहिचान<br>• सुधार तथा कार्यान्वयनको विवरण | नागरिकले स्वच्छ, पारदर्शी तथा नागरिक मैत्री प्रहरी सेवा प्राप्त गर्ने । | नियमित बजेट |
| | ४.३.३. प्रहरी सेवाको सहज पहुँचमा नभएका, अल्पसङ्ख्यक तथा जोखिममा रहेका वर्गलाई प्रहरीले दिने सेवालाई थप सुदृढ एवं प्रभावकारी बनाउने । | काठमाडौँ उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरू | अपराध अनुसन्धान विभाग, कार्य विभाग | २०८० असोज/निरन्तर | • समिति गठन<br>• प्रहरीको सेवा स्तर र व्यवहार सुधारको योजना निर्माण<br>• कार्यान्वयन र प्रगति विवरण | प्रहरीले प्रदान गर्ने सेवास्तर, संवेदनशीलता र व्यवहारमा सुधार भई अल्पसङ्ख्यक तथा जोखिममा रहेका समुदायहरूको नेपाल प्रहरीप्रति अपनत्व वृद्धि हुने । | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | ४.३.४. अपराध पीडितलाई कसूरको अनुसन्धान प्रगति सम्बन्धी जानकारी गराउने तथा कसुरको प्रकृतिको आधारमा अपराध सम्बद्ध पक्षलाई आवश्यकता अनुसार सुरक्षा प्रबन्ध मिलाउने। | केन्द्रीय अनुसन्धान ब्यूरो/काठमाडौं उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरू | अपराध अनुसन्धान विभाग, कार्य विभाग | २०८० साउन/निरन्तर | • पीडितलाई प्रगतिको अवस्था जानकारी गराइएको सङ्ख्यात्मक विवरण<br>• सुरक्षा प्रदान गरिएको सङ्ख्या | प्रहरीप्रति जन विश्वास बढ्ने तथा पीडितले सुरक्षित महसुस गर्ने। | नियमित बजेट |
| | ४.३.५. त्रैमासिक रूपमा जिल्ला प्रहरी परिसर तथा जिल्ला प्रहरी कार्यालयहरूले नागरिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने। | जिल्ला प्रहरी परिसर र जिल्ला प्रहरी कार्यालयहरू | काठमाडौं उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरू | २०८० त्रैमासिक रूपमा निरन्तर | • कुल ६१६ वटा नागरिक सुनुवाइ कार्यक्रम सञ्चालन (७७ जिल्ला X बार्षिक ४ पटक X २ बर्ष = ६१६) | समस्याको प्रत्यक्ष सम्बोधन तथा कार्य सम्पादनमा सुधार हुने | नियमित बजेट |
| | ४.३.६. नयाँ जिम्मेवारीमा आउने प्रहरी कर्मचारीहरूको लागि अभिमुखीकरण (Induction) र जिम्मेवारी पश्चात् हस्तान्तरण (Handover) को प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | अन्वेषण योजना तथा विकास निर्देशनालय, सबै विभाग र कार्यालयहरू | प्रहरी महानिरीक्षकको सचिवालय | निरन्तर | • अभिमुखीकरण (Induction) र जिम्मेवारी पश्चात् हस्तान्तरण (Handover) को मापदण्ड विकास<br>• कार्यान्वयनको विवरण | प्रहरी प्रशासन र कार्यमा प्रभावकारिता अभिवृद्धि हुने। | नियमित बजेट |
| ४.४. नेपाल प्रहरीको विद्यमान संरचना तथा प्रणालीहरूको स्तरोन्नती गर्ने। | ४.४.१. नेपाल प्रहरीमा कानून शाखा मार्फत सम्पादन भइरहेको विद्यमान कानूनी सहायता प्रणालीलाई स्तरोन्नती गर्न पहल गर्ने। | कानुन शाखा | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ पौष | • सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन | सांगठनिक कानूनी सहायता प्रणाली सुदृढ हुने। | थप बजेट |
| | ४.४.२. नेपाल प्रहरीका जनपद समूहतर्फका प्रहरी जवान देखि प्रहरी वरिष्ठ नायब निरीक्षक दर्जा सम्मका प्रहरी कर्मचारीहरूलाई | मानवश्रोत विकास विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८२ असार र निरन्तर | • बिशिष्टिकरणको लागि समुहिकृत गर्ने मापदण्ड | सेवा विशिष्टीकरण मार्फत सांगठनिक प्रभावकारिता र कार्यदक्षतामा अभिवृद्धि। | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्ययोजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | योग्यताका आधारमा क्रमशः समूहीकृत गर्दै सेवा विशिष्टीकरण गर्ने। | | | | • समुहिकृत प्रहरी कर्मचारीहरूको अनुपात | | |
| | ४.४.३. कार्य विवरण नभएका प्रहरी इकाइहरूमा कार्य विवरणहरू निर्माण समेत गरी विद्यमान प्रहरी इकाइहरूका कार्य विवरण (Job Description) पुनरावलोकन गरी कार्यान्वयन गर्ने। | मानवश्रोत विकास विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८२ असार | • समिति गठन<br>• कार्यविवरण पुनरावलोकन प्रतिवेदन<br>• प्रतिवेदन स्विकृत तथा कार्यान्वयन | प्रदत्त कार्य विवरणबारे प्रहरी कर्मचारीहरू जानकार भई दायित्वबोध हुने र आदेशको प्रभावकारी कार्यान्वयन हुने। | नियमित बजेट |
| | ४.४.४. विषय क्षेत्र (विशिष्टिकृत सेवा, स्वास्थ्य, निर्माण इत्यादि) अनुरूप कार्य सम्पादन सूचकहरू निर्धारण गरी कार्यसम्पादन करारको व्यवस्था क्रमशः लागू गर्ने। | मानवश्रोत विकास विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ पौष र निरन्तर | • बिषयक्षेत्र अनुरूपका कार्यसम्पादन सूचकहरूको पहिचान<br>• बिषयक्षेत्र अनुरूप कार्यसम्पादन करार बिस्तारको विवरण | विषय क्षेत्र अनुरूपका वस्तुगत सूचकहरूमा आधारित कार्यसम्पादन प्रणालीको विकास र विस्तार हुने। | नियमित बजेट |
| | ४.४.५. प्रहरी चारित्रिक प्रमाणपत्र प्रणालीको स्तरोन्नती गर्ने। | अपराध अनुसन्धान विभाग | प्रशासन विभाग | २०८१ चैत | • बोलपत्र आव्हान<br>• सम्झौता र कार्यादेश<br>• सामाग्री प्राप्ति | चारित्रिक प्रमाणपत्र व्यवस्थापन प्रभावकारी भई सेवा प्रवाहमा शीघ्रता आउने। | नियमित बजेट |

| लक्ष्य ५: विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान प्रणालीको विकास गर्ने। |
|---|
| **कार्यगत उद्देश्यहरू** |
| ५.१. अपराध अनुसन्धान कार्यलाई थप व्यवसायिक तथा विशिष्टिकृत गर्ने। |
| ५.२. प्रविधिमा आधारित अपराध अनुसन्धान पद्धतिको सुदृढीकरण गर्ने। |
| ५.३. विशिष्टिकृत अपराध अनुसन्धान गर्ने इकाइको क्षमता विकास गर्ने। |
| ५.४. अन्तर्राष्ट्रिय प्रहरी समन्वय प्रभावकारी बनाउने। |
| ५.५. महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूको संस्थागत सुदृढीकरण गर्ने। |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| ५.१. अपराध अनुसन्धान कार्यलाई थप व्यवसायिक तथा विशिष्टिकृत गर्ने। | ५.१.१. CAP कार्य योजना अनुरूप स्वीकृत अपराध अनुसन्धान कार्य निर्देशन अनुसार विशिष्टिकृत जनशक्ति व्यवस्थापन मापदण्ड स्वीकृत गरी कार्यान्वयन गर्ने। | अपराध अनुसन्धान विभाग | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८१ असोज | • मापदण्ड<br>• मापदण्ड स्वीकृतको लागि पहल | सेवा विशिष्टीकरणको मापदण्ड स्वीकृत भई अपराध अनुसन्धानको जनशक्ति व्यवस्थापन हुने। | नियमित बजेट |
| | ५.१.२. नेपाल प्रहरीमा रहेको NCIC लाई सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरी अपराधका एकीकृत सूचनाको अभिलेख भण्डारण गर्ने । | अपराध अनुसन्धान विभाग | सूचना प्रविधि निर्देशनालय | २०८१ असोज / निरन्तर | • सरोकारवाला निकायसँग समन्वय<br>• नेपाल प्रहरीको Crime Data Center मा तथ्याङ्क भण्डारणको अवस्थाको प्रतिवेदन | राष्ट्रिय अपराध सूचना संयन्त्र प्रभावकारी हुने। | थप बजेटको व्यवस्था |
| | ५.१.३. वार्षिक रूपमा प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी आयोजना गर्ने कार्यलाई निरन्तरता दिने। | अपराध अनुसन्धान विभाग | प्रशासन विभाग, काठमाडौं उपत्यका प्रहरी कार्यालय तथा प्रदेश प्रहरी कार्यालयहरू | निरन्तर | • गोष्ठी तयारी<br>• समापन<br>• समापन प्रतिवेदन | अपराध अनुसन्धान क्षेत्रमा अनुभव आदानप्रदान तथा क्षमता अभिवृद्धि हुने। | नियमित बजेट |
| | ५.१.४. फौजदारी कसूरको अनुसन्धान गर्ने प्रहरी | अपराध अनुसन्धान विभाग | काठमाडौं उपत्यका प्रहरी कार्यालय र | २०८० पुस/निरन्तर | • मापदण्ड निर्माण | फौजदारी कसूरको अनुसन्धान गर्ने प्रहरी | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | कार्यालयहरूको अर्ध वार्षिक रूपमा अनुगमन तथा निरीक्षण गर्ने । | | प्रदेश प्रहरी कार्यालयहरू | | • फौजदारी कसूरको अनुसन्धान गर्ने २२१ कार्यालयको अनुगमन (कुल वार्षिक अनुगमन सङ्ख्या – ४४२)<br>• अर्ध-वार्षिक अनुगमन तथा निरीक्षण प्रतिवेदन | कार्यालयहरूको कार्य सम्पादन स्तरमा सुधार हुने । | |
| | ५.१.५. लागू औषध नियन्त्रण, अनुसन्धान तथा दुर्व्यसनीहरूको पुनर्स्थापनका लागि एकीकृत रणनीतिक कार्ययोजना बनाई लागू गर्ने । | लागू औषध नियन्त्रण ब्यूरो | अपराध अनुसन्धान विभाग | २०८० असोज/निरन्तर | • समिति गठन<br>• अध्ययन तथा छलफल<br>• रणनीति तर्जुमा<br>• कार्यान्वयन | लागू औषध नियन्त्रण प्रभावकारी हुने । | नियमित बजेट |
| | ५.१.६. आर्थिक तथा वित्तीय अपराध अनुसन्धान ब्यूरो स्थापना गर्न पहल गर्ने । | अन्वेषण योजना तथा विकास निर्देशनालय | अपराध अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्यूरो | २०८१ मंसिर | • समिति गठन<br>• अवधारणा निर्माण<br>• O & M सर्वेक्षण गर्न पहल | आर्थिक तथा वित्तीय अपराधका घटनाहरूमा न्यूनिकरण तथा प्रभावकारी अपराध अनुसन्धान हुने । | थप बजेटको व्यवस्था |
| १०.३. सरुवालाई सङ्गठनको आवश्यकता र समान अवसरमा आधारित प्रणाली कार्यान्वयन गर्ने। | १०.३.१. सिनियर प्रहरी अधिकृतहरूको विद्यमान सरुवा मापदण्डलाई आवश्यकता अनुसार परिमार्जन तथा जुनियर प्रहरी अधिकृतहरूको सरुवा मापदण्ड निर्माण गर्ने। | कर्मचारी प्रशासन शाखा | मानवश्रोत विकास विभाग | २०८१ असोज | • समिति गठन<br>• विद्यमान मापदण्डको पुनरावलोकन तथा नयाँ मस्यौदा तर्जुमा<br>• छलफल तथा स्वीकृति | सरुवा प्रणालीमा सुधार हुने। | नियमित बजेट |
| | १०.३.२. प्रहरी कर्मचारीको सरुवा निश्चित क्यालेन्डरको आधारमा गर्ने। | मानवश्रोत विकास विभाग | प्रदेश प्रहरी कार्यालयहरू | निरन्तर | • सरुवा क्यालेण्डर पुनरावलोकन तथा नयाँ मस्यौदा तर्जुमा<br>• नयाँ मस्यौदा छलफल तथा स्वीकृति | सरुवा प्रणाली सुधार हुने। | नियमित बजेट |
| | १०.३.३. सरुवाको समय र शैक्षिक क्यालेण्डर असङ्गत हुँदा प्रहरी कर्मचारीहरूका सन्तानको शैक्षिक क्यालेन्डरमा पर्ने प्रभाव न्यूनिकरण गर्ने। | मानवश्रोत विकास विभाग | प्रहरी महानिरीक्षकको सचिवालय | २०८१ पौष | • मापदण्डको पुनरावलोकन<br>• शैक्षिक क्यालेण्डर अनुरूप सरुवा व्यवस्थापन गरिएका कर्मचारीहरूको सङ्ख्या | सरुवाका कारण प्रहरी कर्मचारीका सन्तानहरूको शैक्षिक क्यालेन्डरमा पर्ने नकारात्मक प्रभाव न्यूनिकरण हुने। | नियमित बजेट |
| १०.४. नेपाल प्रहरीको सुपरिवेक्षण तथा अनुगमन प्रभावकारिता अभिवृद्धि गर्ने। | १०.४.१. प्रहरी कार्यालयहरूको वार्षिक रूपमा केन्द्रीय, प्रादेशिक र उपत्यका तहमा कार्य दक्षता मूल्याङ्कन (Police Baton) गर्ने। | प्रहरी महानिरीक्षकको सचिवालय | प्रशासन विभाग | २०८० असोज/ निरन्तर | • मूल्याङ्कन मापदण्डको पूनरावलोकन<br>• मूल्याङ्कन योजना निर्माण<br>• उपत्यका र प्रादेशिक स्तरीय कार्यदक्षता मूल्याङ्कन सञ्चालन<br>• केन्द्रीय मूल्याङ्कन कार्यक्रम सञ्चालन<br>• प्रतिवेदन पेश | उत्प्रेरणा वृद्धि भई कार्यसम्पादन सुधार हुने। | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | १०.४.२. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले तालिम प्रदायक संस्थाहरूको प्रशिक्षणको अवस्था मूल्याङ्कन गरी पुरस्कृत गर्ने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | प्रशासन विभाग | २०८० पुस/ निरन्तर | • मूल्याङ्कन योजना निर्माण<br>• मूल्याङ्कन कार्यक्रम सञ्चालन<br>• मूल्याङ्कन प्रतिवेदन पेश | उत्प्रेरणा वृद्धि भई कार्यसम्पादन सुधार हुने। | नियमित बजेट |
| १०.५ बजेटलाई कार्यक्रममा आधारित र पारदर्शी बनाई संस्थागत गर्ने। | १०.५.१. स्वीकृत बजेटको प्रयोग अधिकतम एवं समय सीमा अनुरूप गर्ने प्रभावकारी संयन्त्र विकास गर्ने तथा बेरुजू फछ्यौंट प्राथमिकताका साथ कार्यान्वयन गर्ने। | बजेट शाखा, आन्तरिक लेखा परीक्षण शाखा | प्रशासन विभाग | २०८१ असोज | • योजना निर्माण, तयारी<br>• बेरुजु फछ्यौंटको प्रतिशत | बजेट कार्यान्वयन प्रभावकारी हुने। | नियमित बजेट |
| | १०.५.२. नेपाल प्रहरीको जिन्सी किताबखाना स्थापना गरी वितरण विवरण अद्यावधिक गर्ने। | आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालय | प्रशासन विभाग | २०८१ चैत | • योजना निर्माण, तयारी<br>• स्वीकृति र कार्यान्वयन<br>• किताबखाना सञ्चालन प्रतिवेदन | नेपाल प्रहरीको जिन्सी अभिलेख अद्यावधिक हुने। | थप बजेट |
| | १०.५.३. नेपाल प्रहरीको सम्पूर्ण चल, अचल सम्पत्तिको विवरण सङ्कलन तथा संरक्षण गर्ने कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने। | प्रशासन विभाग | कार्य विभाग, भौतिक पूर्वाधार निर्देशनालय | २०८० असोज | • विवरण सङ्कलन<br>• कार्य विधि निर्माण तथा स्वीकृत<br>• कार्य विधि कार्यान्वयन | नेपाल प्रहरीको सम्पूर्ण चल, अचल सम्पत्ति संरक्षण हुने। | नियमित बजेट |
| | १०.५.४. प्रहरीको हातहतियार खरखजाना, भिड नियन्त्रण एवं अन्य असवावको Computerized Tag सहितको Inventory गर्ने कार्यलाई निरन्तरता दिने। | भण्डार शाखा | मानवश्रोत विकास विभाग, प्रशासन विभाग | २०८१ असोज / निरन्तर | • कार्यान्वयन विवरण | जिन्सी अभिलेख प्रणाली प्रविधिमैत्री हुने। | नियमित र थप बजेट |

| लक्ष्य ११: वैज्ञानिक र आवश्यकतामा आधारित प्रशिक्षण प्रणाली विकास गर्ने। |
|---|
| **कार्यगत उद्देश्यहरू** |
| ११.१. नेपाल प्रहरीको प्रशिक्षण प्रणालीलाई समयानुकूल विकास गर्ने। |
| ११.२. प्रशिक्षण संरचनाको विकास गर्ने। |
| ११.३. नेपाल प्रहरीको खेलकुदलाई थप परिष्कृत बनाउने। |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| ११.१. नेपाल प्रहरीको प्रशिक्षण प्रणालीलाई समयानुकूल विकास गर्ने। | ११.१.१. विभिन्न दर्जाका प्रहरी कर्मचारीको आधारभूत तथा उन्नत तालिमको पाठ्यक्रममा समावेश भएका शारीरिक व्यायाम र परेड कार्यक्रमलाई विस्तृत अध्ययन गरी समय सान्दर्भिक रूपमा परिष्कृत गर्ने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | मानवश्रोत विकास विभाग | २०८० पुस | • समिति गठन<br>• पुनरावलोकन प्रतिवेदन<br>• स्वीकृति तथा कार्यान्वयन | शारीरिक व्यायाम र परेड परिष्कृत एवम् प्रभावकारी हुने। | नियमित बजेट |
| | ११.१.२. Master in Police Science (MPS) को अवधारणालाई कार्यान्वयनमा ल्याउने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | मानवश्रोत विकास विभाग | २०८१ मंसिर | • सम्भाव्यता अध्ययन<br>• कार्यान्वयन प्रगति विवरण | दक्ष एवं व्यवसायिक प्रहरी जनशक्तिको विकास हुने। | नियमित बजेट |
| | ११.१.३. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सञ्चालन हुने तालिमलाई वर्गीकरण गरी Virtual Training को विकास र विस्तार गर्ने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | मानवश्रोत विकास विभाग | २०८० चैत | • अनलाइन सञ्चालन गर्न सकिने तालिमको वर्गीकरण तथा छनौट<br>• अवधारणा सहितको पाठ्यक्रम निर्माण<br>• कार्यान्वयन प्रगति विवरण | तालिम कम खर्चिलो र प्रभावकारी भई बढि जनशक्ति उत्पादन तथा Virtual Training पद्धतिको विकास हुने। | थप बजेट |
| | ११.१.४. प्रशिक्षण कार्यलाई प्रभावकारी र वस्तुनिष्ठ बनाउन घटना अध्ययन (Case study), SBEX र CPEX जस्ता | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | प्रहरी महानिरीक्षकको सचिवालय | २०८० मंसिर | • समिति गठन<br>• निर्देशिका निर्माण<br>• निर्देशिका कार्यान्वयन | प्रभावकारी र वस्तुनिष्ठ प्रशिक्षण प्रणालीको विकास हुने। | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | अभ्यासहरू सञ्चालन गर्न आवश्यक निर्देशिका (Exercise Guidelines) तयार गरि कार्यान्वयनमा ल्याउने। | | | | | | |
| | ११.१.५. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा Training Innovation Section को विकास गर्ने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | मानवश्रोत विकास विभाग | २०८१ असोज | • समिति गठन<br>• योजना निर्माण<br>• योजना कार्यान्वयन | नयाँ सम्भाव्यता तथा पाठ्यक्रम निर्माण प्रभावकारी हुने। | नियमित बजेट |
| | ११.१.६. प्रहरी निरीक्षक आधारभूत तालिम अन्तर्गत Executive Director Run कार्यक्रम समावेशको लागि कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | मानवश्रोत विकास विभाग | २०८० पुस/ निरन्तर | • कार्य विधि निर्माण तथा स्वीकृत<br>• कार्यान्वयन | तालिम परिष्कृत हुने। | नियमित बजेट |
| | ११.१.७. सवारी साधन चेक जाँच गर्दा अवलम्बन गर्नु पर्ने निश्चित विधि वा खाका (Standard Drill of Layout) निर्माण गरी तालिम पाठ्यक्रममा समावेश गर्ने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | मानवश्रोत विकास विभाग | २०८० भाद्र | • समिति गठन<br>• कार्यविधि निर्माण<br>• पाठ्यक्रममा समावेश<br>• Drill कार्यान्वयन | सवारी साधन चेक जाँच व्यवस्थित एवं प्रभावकारी हुने। | नियमित बजेट |
| | ११.१.८. प्रहरी कर्मचारीहरूको लागि आवश्यक तालिम तथा अनुशिक्षणको पहिचान गरी वार्षिक तालिम क्यालेन्डरमा समावेश गर्ने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | मानवश्रोत विकास विभाग | २०८० फागुन/ निरन्तर | • आवश्यक तालिमको पहिचान सहितको प्रतिवेदन<br>• तालिम क्यालेण्डर निर्माण तथा स्वीकृत | सङ्गठनको विकास तथा प्रहरी कर्मचारीको कार्यदक्षतामा वृद्धि हुने। | नियमित बजेट |
| | ११.१.९. नेपाल प्रहरी सङ्गठनमा कार्यरत कर्मचारीहरूको Training Plan पूर्वानुमान योग्य बनाई कार्यान्वयन गर्ने। | वृत्ति विकास महाशाखा | मानवश्रोत विकास विभाग | २०८१ चैत/ निरन्तर | • समिति गठन<br>• Trainees Calendar तालिका निर्माण तथा स्वीकृत<br>• कार्यान्वयन प्रतिवेदन | सम्पूर्ण प्रहरी कर्मचारीहरूको दर्जागत रूपमा कुन/कुन तालिम कहिले गर्ने भन्ने सम्बन्धमा | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | | | | | | स्पष्ट जानकारी भई पेशागत दक्षता अभिवृद्धि भई कार्यसम्पादनमा सुधार आउने। | |
| | ११.१.१०. प्रहरी कार्यालयबाट हुने पत्राचार तथा पत्र व्यवहार सम्बन्धमा अध्ययन गरी प्रहरी लेखन सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | मानवश्रोत विकास विभाग | २०८० पुस | • अध्ययन समिति गठन<br>• कार्यविधि निर्माण तथा स्वीकृत<br>• कार्यान्वयन प्रतिवेदन | प्रहरीले प्रयोग गर्ने पत्र व्यवहारमा एकरूपता आउने। | नियमित बजेट |
| | ११.१.११. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा Trainers' Pool सम्बन्धी योजना निर्माण गरी कार्यान्वयन गर्ने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | | २०८० मंसिर/ निरन्तर | • समिति गठन<br>• योजना निर्माण<br>• कार्यान्वयन | प्रशिक्षण प्रणाली प्रभावकारी हुने। | नियमित बजेट |
| | ११.१.१२. कार्य विवरण बारे जुनियर प्रहरी अधिकृत तहसम्म सामूहिक रूपमा अभिमुखीकरण गर्ने। | मानवश्रोत विकास विभाग | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान/प्रदेश प्रहरी तालिम केन्द्रहरू | २०८२ असार | • प्रशिक्षित प्रहरी कर्मचारीहरूको अनुपात | कार्य विवरणबारे प्रहरी कर्मचारीहरूमा प्रस्टता आउने। | नियमित बजेट |
| | ११.१.१३. नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीहरूको ज्ञान, सीप, क्षमताको विकास गरी सक्षम जनशक्ति तयार गर्न आधारभूत तथा विशिष्टिकृत तालीमहरू प्रदान गर्ने। | मानवश्रोत विकास विभाग | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान/प्रदेश प्रहरी तालिम केन्द्रहरू | २०८२ असार | • सञ्चालित तालिमहरूको सङ्ख्या (आधारभूत र बिशिष्टिकृत)<br>• प्रशिक्षित प्रहरी कर्मचारीहरूको सङ्ख्या (बार्षिक लक्ष्यः ३०४५९) | दक्ष जनशक्तिको विकासद्वारा संस्थागत कार्य क्षमता अभिवृद्धि हुने। | नियमित बजेट |
| **११.२. प्रशिक्षण संरचनाको विकास गर्ने।** | ११.२.१. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा E-Library को विकास गर्ने। | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | मानवश्रोत विकास विभाग | २०८१ असोज | • सम्भाव्यता अध्ययन<br>• प्रस्ताव लेखन तथा स्वीकृत<br>• बजेटको लागि पहल | सहज रूपमा प्रशिक्षण सामग्री तथा पाठ्यक्रम उपलब्ध हुने। | नियमित बजेट |
| | ११.२.२. शान्ति स्थापनार्थ विभिन्न मिसनमा खटि जाने प्रहरी | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | यु.एन. शाखा | २०८१ असोज | • समिति गठन | विशिष्टिकृत तालिम केन्द्र स्थापना हुने। | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | कर्मचारीहरूको लागि प्रशिक्षण प्रयोजनार्थ नेपाल प्रहरी UN तालिम केन्द्र स्थापनाको लागि अध्ययन गर्ने । | | | | • अध्ययन प्रतिवेदन निर्माण तथा स्वीकृत<br>• स्थापनाको लागि पहल | | |
| | ११.२.३. भारत सरकार र नेपाल सरकार बीच भएको सम्झौता अनुसार EPC Model मा निर्माणाधिन राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, पनौती, काभ्रेपलान्चोकको परियोजना निर्माण कार्यमा प्रभावकारी समन्वय गर्ने । | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | भौतिक पूर्वाधार निर्देशनालय | २०८२ असार | • ५८ ब्लकहरूको Civil Structure निर्माण सम्पन्न | परियोजना निर्माणको सामयिक पूर्णता । | दातृ सहयोग (भारत) |
| | ११.१.४. कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा महिला ब्यारेक तथा प्रशिक्षण भवन निर्माण कार्यमा प्रभावकारी समन्वय गर्ने । | कोशी प्रदेश प्रहरी कार्यालय | भौतिक पूर्वाधार निर्देशनालय | २०८२ असार र निरन्तर | • भौतिक र आर्थिक प्रगति विवरण | तालिम केन्द्रमा लैङ्गिक मैत्री संरचनाहरूको अभिवृद्धि हुने । | दातृ निकाय (FCDO) |
| ११.३. नेपाल प्रहरीको खेलकुदलाई थप परिष्कृत बनाउने । | ११.३.१. दिगो खेलकुद विकासको लागि नेपाल प्रहरीका विशेष खेलहरूलाई निर्धारित लक्ष्यसहितको कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने । | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | अन्वेषण योजना तथा विकास निर्देशनालय | २०८० पुस/ निरन्तर | • कार्यक्रमको मस्यौदा तयार<br>• मस्यौदा छलफल<br>• कार्यक्रम स्वीकृत तथा कार्यान्वयन | नेपाल प्रहरीको खेलकुद विकासमा टेवा पुग्ने जनसम्पर्कको माध्यम बन्ने । | नियमित बजेट |
| | ११.३.२. नेपाल प्रहरी क्लब (Nepal Police Club) को खेलकुद क्रियाकलापलाई स्तरोन्नती गर्ने विशेष योजना बनाई कार्यान्वयन गर्ने । | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | प्रशासन विभाग | २०८० असोज/ निरन्तर | • योजना निर्माण<br>• योजना कार्यान्वयन<br>• प्रगति विवरण | नेपाल प्रहरीको साख तथा प्रहरी कर्मचारीमा मनोबल वृद्धि हुने । | नियमित बजेट |

## लक्ष्य १२: भौतिक पूर्वाधारको विकास तथा श्रोत साधनको समुचित व्यवस्थापन गर्ने।

| कार्यगत उद्देश्य |
|---|
| १२.१. नेपाल प्रहरीलाई आवश्यक जग्गा प्राप्ति तथा भौतिक पूर्वाधार निर्माण गर्ने। |
| १२.२. नेपाल प्रहरीको भौतिक संरचना सम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने। |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| १२.१. नेपाल प्रहरीलाई आवश्यक जग्गा प्राप्ति तथा भौतिक पूर्वाधार निर्माण गर्ने। | १२.१.१. पञ्च वर्षीय योजना अनुरूप नेपाल प्रहरीका ५५० वटा गैर आवासीय भवन मध्ये क्रमागत तर्फका ४४ वटा भवन निर्माण गर्ने। | भौतिक पूर्वाधार निर्देशनालय | प्रशासन विभाग | २०८१ वैशाख/ निरन्तर | • भौतिक/ आर्थिक प्रगति (प्रतिशतमा) | नेपाल प्रहरी भौतिक पूर्वाधारमा आत्मनिर्भर हुँदै जाने। | नियमित बजेट |
| | १२.१.२. नेपाल प्रहरी संगीत विद्यालयमा Sound Proof हल निर्माण गर्ने। | नेपाल प्रहरी संगीत विद्यालय | प्रशासन विभाग | २०८० चैत | • निर्माण योजना<br>• निर्माण कार्य<br>• निर्माण सम्पन्न प्रतिवेदन | संगीत सम्बन्धी प्रशिक्षण सहज र प्रभावकारी हुने। | नियमित बजेट |
| | १२.१.३. महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूको थप भवनहरू निर्माणको पहल गर्ने। | भौतिक पूर्वाधार निर्देशनालय | अपराध अनुसन्धान विभाग | २०८१ वैशाख/ निरन्तर | • प्रगति विवरण | महिला बालबालिका, ज्येष्ठ नागरिक तथा दलितहरूलाई प्रभावकारी प्रहरी सेवा प्रवाह हुने। | थप बजेट/ दातृ निकाय (ADB र FCDO) |
| | १२.१.४. नेपाल प्रहरी अपराध अनुसन्धान कार्यालयहरूका लागि ३० वटा भवन निर्माण गर्न पहल गर्ने। | भौतिक पूर्वाधार निर्देशनालय | ने.प्र.प्र.का प्रशासन विभाग | २०८१ असोज | • निर्माण योजना तयार तथा स्वीकृत<br>• बजेट व्यवस्थापन र निर्माणको पहल | संघीय अपराध अनुसन्धान कार्य प्रभावकारी हुने। | थप बजेट |
| | १२.१.५. सबै प्रदेश तथा काठमाडौँ उपत्यकामा नेपाल प्रहरीका कर्मचारीको लागि सामूहिक आवास भवन निर्माण गर्न पहल गर्ने। | भौतिक पूर्वाधार निर्देशनालय | ने.प्र.प्र.का प्रशासन विभाग | २०८२ असार | • समिति गठन<br>• अध्ययन तथा छलफल<br>• योजना निर्माण | प्रहरी कर्मचारीको सेवा प्रतिको सन्तुष्टि वृद्धि भई मनोबल उच्च हुने। | थप बजेट |
| | १२.१.६. नेपाल प्रहरी अन्तर्गतको विशिष्टिकृत अनुसन्धान ब्यूरोहरू (केन्द्रीय अनुसन्धान ब्यूरो, मानव | भौतिक पूर्वाधार निर्देशनालय | ने.प्र.प्र.का केन्द्रीय अनुसन्धान ब्यूरो | २०८१ पुस | • निर्माण योजना तयार तथा स्वीकृत<br>• बजेटको लागि पहल | विशिष्टिकृत प्रहरी सेवा प्रवाह प्रभावकारी हुने। | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | बेचविखन अनुसन्धान ब्यूरो र लागू औषध नियन्त्रण ब्यूरो) को लागि जग्गा पहिचान तथा प्राप्तिको लागि पहल गर्ने । | | | | • प्रगति विवरण | | |
| | १२.१.७. आफ्नै जग्गा तथा भवन नभएका प्रहरी इकाइहरूको लागि जग्गा प्राप्ति, जग्गा खरिद तथा भवन निर्माण कार्यलाई थप तीव्रता दिन पहल गर्ने । | भौतिक पूर्वाधार निर्देशनालय | ने.प्र.प्र.का प्रशासन विभाग | २०८० मंसिर / निरन्तर | • इकाइहरू पहिचान<br>• योजना निर्माण तथा स्वीकृत<br>• जग्गा प्राप्ति तथा भवन निर्माणको लागि बजेट पहल | प्रहरी सेवा प्रवाह सुदृढ हुने । | नियमित बजेट |
| | १२.१.८. साईवर ब्यूरोको भवन निर्माण कार्यमा प्रभावकारी समन्वय गर्ने । | साईवर ब्यूरो | भौतिक पूर्वाधार निर्देशनालय | २०८२ असार निरन्तर | • भौतिक र आर्थिक प्रगति विवरण | साईवर अनुसन्धान क्षमता अभिवृद्धि हुने । | दातृ निकाय (KOICA) |
| **१२.२. नेपाल प्रहरीको भौतिक संरचना सम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने ।** | १२.२.१. भौगोलिक विषमता अनुरूप प्रहरी कार्यालयहरूको भवन तथा ब्यारेक संरचना र आवश्यक न्यूनतम सामाग्रीहरूको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने । | काठमाडौं उपत्यका प्रहरी कार्यालय/प्रदेश प्रहरी कार्यालयहरू | भौतिक पूर्वाधार निर्देशनालय | २०८० मंसिर / निरन्तर | • मापदण्ड निर्माण<br>• कार्यान्वयन प्रतिवेदन | प्रहरीको आन्तरिक व्यवस्थापन तथा सेवा प्रवाह प्रभावकारी हुने । | नियमित बजेट |

| लक्ष्य १३: कल्याणकारी योजनाहरूको क्षेत्र र पहुँच अभिवृद्धि गर्ने। |
|---|
| **कार्यगत उद्देश्यहरू** |
| १३.१. लक्षित वर्ग केन्द्रित कल्याणकारी योजना विकास गर्ने। |
| १३.२. नेपाल प्रहरी अस्पतालको सेवा विस्तार तथा सुधार गर्ने। |
| १३.३. संयुक्त राष्ट्रसंघमा प्रहरी सहभागिता अभिवृद्धि गर्ने। |
| १३.४. नवप्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने। |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| १३.१. लक्षित वर्ग केन्द्रित कल्याणकारी योजना विकास गर्ने। | १३.१.१. प्रहरी कल्याण कोषबाट संचालित विभिन्न कार्यक्रम तथा सेवाहरूको सुधार, विकास एवं विस्तार योजना निर्माण गरी कार्यान्वयन गर्ने। | कल्याण महाशाखा | प्रशासन विभाग | २०८० असोज/ निरन्तर | • योजना निर्माण<br>• स्वीकृत<br>• कार्यान्वयन प्रतिवेदन | नेपाल प्रहरी हेल्थ क्लव, पेट्रोल पम्प एवं चार्जिङ्ग स्टेशन, गेष्ट हाउस आदिको सुधार, विकास एवं विस्तार भई सेवाग्राहीहरू थप लाभान्वित हुने। | प्रहरी कल्याण कोष |
| | १३.१.२. प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार, प्रहरी जवान र प्रहरी कार्यालय सहयोगीहरू लक्षित कल्याणकारी योजना कार्यान्वयनलाईनिरन्तरता दिने। | कल्याण महाशाखा | प्रशासन विभाग | २०८० साउन/ निरन्तर | • कार्यान्वयन प्रतिवेदन<br>• लाभग्राही सङ्ख्या | प्र.का.स. देखि प्र.ब.ह. हरू लाभान्वित भई उत्प्रेरणाको स्तर अभिवृद्धि हुने। | प्रहरी कल्याण कोष |
| | १३.१.३. सेवा अवधि पुरा गरी अवकाशमा जाने प्रहरी कर्मचारीहरूलाई CTEVT तथा अन्य तालिम प्रदायक निकायहरू सँग आवश्यक समझदारी तथा समन्वय गरी | कल्याण महाशाखा | प्रशासन विभाग | २०८० असोज/ निरन्तर | • कार्यक्रम निर्माण<br>• छलफल<br>• स्वीकृति तथा कार्यान्वयन | अवकाश प्राप्त प्रहरीहरूको सङ्गठनप्रतिको अपनत्व वृद्धि हुने तथा अवकाश पश्चात् प्रहरी कर्मचारीको जीवनयापनमा सहयोग पुग्ने। | प्रहरी कल्याण कोष |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | वित्तीय परामर्श तथा सीप मूलक तालिम प्रदान गर्ने। | | | | | | |
| | १३.१.४. प्रहरी कल्याण कोषबाट प्रदान गर्ने सहुलियत ऋणको लाभग्राही सङ्ख्यामा वृद्धि गर्ने। | कल्याण शाखा | प्रशासन विभाग | २०८० भदौ/ निरन्तर | • कार्यक्रम निर्माण<br>• स्वीकृत तथा कार्यान्वयन | प्रहरी कर्मचारीलाई आर्थिक सहयोग भई उत्प्रेरणामा अभिवृद्धिमा हुने। | प्रहरी कल्याण कोष |
| | १३.१.५. नेपाल प्रहरी प्रधान कार्यालय नक्साल, उपत्यका ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंमा पाईलट प्रोजेक्टको रूपमा Laundry Service सञ्चालनमा ल्याउने। | प्रशासन विभाग | नेपाल प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौं | २०८० पुस | • खरिद प्रक्रिया<br>• सेवा सञ्चालन भएको प्रतिवेदन | प्रहरीको कर्मचारीहरूको समयको बचत भई कार्यसम्पादन, सुविधा र मनोबल अभिवृद्धि हुने। | नियमित बजेट |
| | १३.१.६. नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश प्रहरी कार्यालयहरू तथा जिल्ला प्रहरी कार्यालयहरूमा शिशु स्याहार केन्द्र (Child Day Care Center) स्थापना गर्ने। | भौतिक पूर्वाधार निर्देशनालय, काठमाडौं उपत्यका प्रहरी कार्यालय तथा प्रदेश प्रहरी कार्यालयहरू | ने.प्र.प्र.का प्रशासन विभाग | २०८० असोज /निरन्तर | • निर्माण योजना तयार तथा स्वीकृत<br>• बजेटको लागि पहल<br>• प्रगति विवरण | प्रहरी कर्मचारीको सुविधा र मनोबलमा अभिवृद्धि हुने। | थप बजेट |
| | १३.१.७. प्रहरी विद्यालयहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाई गुणस्तर शिक्षामा वृद्धि गर्न पाठ्यक्रम तथा शैक्षिक क्यालेन्डरमा एकरूपता कायम गर्ने। | कल्याण महाशाखा | प्रशासन विभाग | २०८० कार्तिक /निरन्तर | • संशोधित विधान तथा विनियमावली स्वीकृत<br>• कार्यान्वयन | प्रहरी विद्यालयहरूको गुणस्तर अभिवृद्धि हुने। | नियमित बजेट |
| **१३.२. नेपाल प्रहरी अस्पतालको सेवा** | १३.२.१. नेपाल प्रहरी अस्पतालमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) जडान तथा सञ्चालन गर्ने। | सूचना प्रविधि निर्देशनालय | नेपाल प्रहरी अस्पताल | २०८१ पुस | • समिति गठन<br>• अध्ययन प्रतिवेदन<br>• बजेटको पहल<br>• जडान तथा सञ्चालन | प्रहरी अस्पतालबाट प्रवाह हुने सेवामा चुस्तता आउने | थप बजेट |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| विस्तार तथा सुधार गर्ने । | | | | | | तथा प्रविधिको सहयोगले सेवाको गुणस्तर बढ्ने । | |
| | १३.२.२. नेपाल प्रहरी अस्पतालमा Digital Record System तथा Networking को व्यवस्था गर्ने । | सूचना प्रविधि निर्देशनालय | नेपाल प्रहरी अस्पताल | २०८१ असोज | • योजना निर्माण<br>• स्पेसिफिकेसन निर्माण<br>• बजेटको पहल<br>• योजना कार्यान्वयन प्रतिवेदन | प्रविधि मैत्री स्वास्थ्य सेवामा विस्तार भई सेवाग्राही लाभान्वित हुने । | थप बजेट |
| | १३.२.३. नेपाल प्रहरी अस्पतालमा MD, MS, Physiotherapy, Radiology, Laboratory आदि विषयका शैक्षिक कार्यक्रम सम्बन्धी अध्ययन गरी सञ्चालनको लागि पहल गर्ने । | नेपाल प्रहरी अस्पताल | प्रशासन विभाग | २०८१ असोज | • सम्भाव्यता अध्ययन<br>• सम्बन्धित शैक्षिक कार्यक्रमको लागि सम्बन्धन प्राप्ति<br>• शैक्षिक कार्यक्रम सञ्चालनको प्रतिवेदन | नागरिक, पूर्व तथा बहालवाला प्रहरी कर्मचारीका सन्ततिले प्राविधिक शिक्षा प्राप्त गर्ने अवसर पाउने । | नियमित बजेट |
| | १३.२.४. नेपाल प्रहरी अस्पतालको सेवा सुविधा बढाउने तथा अस्पतालका चिकित्सकहरूबाट तल्लो तहका प्रहरी कर्मचारीलाई थप उपचार मैत्री वातावरणमा सेवा प्रदान गर्ने । | नेपाल प्रहरी अस्पताल | प्रशासन विभाग | २०८१ असोज | • योजना निर्माण<br>• स्वीकृत तथा कार्यान्वयन प्रतिवेदन | प्रहरी कर्मचारीहरू प्रहरी अस्पतालको सेवा प्रति सन्तुष्ट हुने । | नियमित बजेट |
| | १३.२.५. सबै प्रहरी कर्मचारीहरूको वार्षिक रूपमा पूर्ण स्वास्थ्य परीक्षणको व्यवस्था (Whole Body Check Up) गर्ने । | नेपाल प्रहरी अस्पताल, प्रदेश प्रहरी कार्यालय, काठमाडौँ उपत्यका प्रहरी कार्यालय | प्रशासन विभाग | २०८१ असोज/निरन्तर | • क्यालेण्डर सहितको योजना निर्माण<br>• स्वीकृती तथा कार्यान्वयन प्रतिवेदन | प्रहरी कर्मचारीहरूको स्वास्थ्य प्रवर्द्धन हुने । | नियमित बजेट |
| | १३.२.६. नेपाल प्रहरी अस्पतालमा रहेका स्वास्थ्य उपकरणहरूको | नेपाल प्रहरी अस्पताल | प्रशासन विभाग | २०८० पुस /निरन्तर | • समिति गठन | गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुने । | थप बजेट |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | Periodic Calibration Test र सेवा प्रवाहको Audit गर्ने । | | | | • प्रतिवेदन निर्माण तथा स्वीकृति<br>• कार्यान्वयन | | |
| | १३.२.७. नेपाल प्रहरी अस्पतालमा प्रहरी परिवार र सर्वसाधारणहरूको उपचारको लागि छुट्टाछुट्टै लाईनको व्यवस्थापन गरी सेवा प्रवाह गर्ने । | नेपाल प्रहरी अस्पताल | प्रशासन विभाग | २०८० भाद्र | • योजना निर्माण<br>• योजना स्वीकृत<br>• छुट्टै स्थानमा सेवा सञ्चालन प्रतिवेदन | प्रहरी कर्मचारीले सहज सेवा पाउने व्यवस्था हुने । | नियमित बजेट |
| | १३.२.८. Extended Health Service (EHS) लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | नेपाल प्रहरी अस्पताल | प्रशासन विभाग | निरन्तर | • EHS सञ्चालित दिन<br>• EHS प्राप्त सेवाग्राहीहरूको सङ्ख्या | अस्पतालको सेवा विस्तार हुने । | नियमित बजेट |
| | १३.२.९. पूर्व प्रहरी कर्मचारीहरूले प्राप्त गर्ने उपचार सुविधालाई बहालवाला कर्मचारी सरह प्रदान गर्ने व्यवस्था मिलाउने । | नेपाल प्रहरी अस्पताल | प्रशासन विभाग | निरन्तर | • सुविधा प्राप्त पूर्व प्रहरी कर्मचारीहरूको सङ्ख्या | सङ्गठनबाट प्राप्त सुविधामा समानता आउने । | नियमित बजेट |
| **१३.३. प्रहरी कर्मचारीको उत्प्रेरणा तथा मनोबल वृद्धि हुने क्रियाकलाप सञ्चालन गर्ने ।** | १३.३.१. संयुक्त राष्ट्रसंघ अन्तर्गत FPU मिसनमा प्रहरी कर्मचारी सहभागी गराउन विशेष पहल गर्ने । | ने.प्र.प्र.का अपराध अनुसन्धान विभाग, यु.एन. शाखा | प्रशासन विभाग र कल्याण महाशाखा | २०८० साउन/निरन्तर | • पूर्व तयारीको विवरण<br>• PCRS मा Level Upgrade<br>• सांगठनिक प्रयास | संयुक्त राष्ट्र संघमा नेपाल प्रहरीको सहभागिता बढ्ने । | नियमित बजेट र कल्याण कोष |
| | १३.३.२ रासायनिक, विकिरणयुक्त तथा अन्य जोखिमयुक्त क्षेत्रमा काम गर्ने प्रहरी कर्मचारीहरूलाई जोखिम भत्ता उपलब्ध गराउन पहल गर्ने। | बजेट शाखा | प्रशासन विभाग | २०८१ पुस | • समिति गठन<br>• जोखिमका क्षेत्र पहिचान<br>• प्रहरी कर्मचारीहरूको विवरण सङ्कलन तथा प्रतिवेदन<br>• बजेटको लागि पहल | जोखिमका क्षेत्रमा काय गर्ने प्रहरी कर्मचारीहरूको मनोबल बढ्ने । | थप बजेट |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| १३.४. नवप्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने। | १३.४.१. जिल्ला प्रहरी कार्यालयसम्मका प्रहरी इकाइहरूमा व्यायामशालाको व्यवस्था गर्ने। | काठमाडौँ उपत्यका प्रहरी कार्यालय/प्रदेश प्रहरी कार्यालयहरू | प्रशासन विभाग | २०८० माघ/निरन्तर | • आवश्यक सामग्री खरिद<br>• जिमखाना सञ्चालन | प्रहरी कर्मचारीले कार्यालयमा शारीरिक रूपमा सुगठित हुने अवसर प्राप्त गर्ने। | नियमित बजेट |
| | १३.४.२. प्रहरी कार्यालय परिसरको आन्तरिक तथा बाह्य वातावरणलाई सौन्दर्यीकरण (Beautification) गर्ने। | काठमाडौँ उपत्यका प्रहरी कार्यालय/प्रदेश प्रहरी कार्यालयहरू | प्रशासन विभाग | २०८० साउन/निरन्तर | • आवधिक प्रगति प्रतिवेदन | प्रहरी कार्यालयहरू कार्य वातावरण मैत्री हुने। | नियमित बजेट |
| | १३.४.३. प्रहरी मेशहरूमा क्रमशः विद्युतीय चुल्होको प्रयोग गर्ने। | काठमाडौँ उपत्यका प्रहरी कार्यालय तथा प्रदेश प्रहरी कार्यालयहरू | प्रशासन विभाग | २०८१ असोज / निरन्तर | • कार्यक्रम निर्माण<br>• छलफल<br>• स्वीकृति तथा कार्यान्वयन<br>• प्रतिस्थापन भएका कार्यालयहरूको सङ्ख्या | ग्याँस तथा दाउरा विस्थापन भई विद्युतीय खपत बढ्नुका साथै आर्थिक भार समेत कम हुने। | थप बजेट |
| | १३.४.४. नेपाल प्रहरीमा रहेका पुराना सवारी साधनहरूलाई विद्युतीय सवारी साधनमा क्रमशः परिवर्तन गर्ने योजना निर्माण गरी कार्यान्वयन गर्ने। | सवारी महाशाखा | प्रशासन विभाग | २०८१ असोज / निरन्तर | • समिति गठन<br>• योजना निर्माण तथा स्वीकृति<br>• कार्यान्वयन<br>• परिवर्तन भएका सवारी सङ्ख्या | वातावरण अनुकूल हुने तथा आर्थिक भार कम पर्ने। | थप बजेट |
| | १३.४.५.एक प्रहरी एक खाट को अवधारणालाई निरन्तर कार्यान्वयन गर्दै एक खाट-एक म्याट्रेसको क्रमशः व्यवस्थापन गर्ने। | आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालय | प्रशासन विभाग | २०८१ पुस / निरन्तर | • खरिद योजना निर्माण<br>• म्याट्रेस खरिद सङ्ख्या | प्रहरी कर्मचारीहरूले सरुवा भई खटिंदा झिटिगुण्टा बोक्न नपर्ने तथा प्रहरी कर्मचारीहरूको मनोबल बढ्ने। | थप बजेट |
| | १३.४.६. प्रहरीले प्राप्त गर्ने राशनको पर्याप्तता, क्यालोरी र खानाको स्तर निर्धारण गरी समयसापेक्ष | प्रशासन विभाग | कानुन शाखा | २०८१ पौष | • राशन सम्बन्धी अध्ययन समिति गठन<br>• अध्ययन प्रतिवेदन | प्रहरी कर्मचारीहरूले स्तरीय र क्यालोरीयुक्त राशन प्राप्त गर्ने। | नियमित बजेट |

| कार्यगत उद्देश्य | कार्य योजना क्रियाकलाप | जिम्मेवार निकाय/ कार्यालय | सहयोगी निकाय | समय सीमा | कार्य प्रगति सूचक | अपेक्षित प्रतिफल | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|
| | पुनरावलोकनको लागि पहल गर्ने । | | | | • सुझाव कार्यान्वयनको लागि गृह मन्त्रालयमा प्रतिवेदन | | |
| | १३.४.७. समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत विभिन्न विषयहरूमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न नेपाल प्रहरीको Band Display सहितको सांस्कृतिक झाँकी तयार गरी परिचालन गर्ने । | नेपाल प्रहरी संगीत विद्यालय | काठमाडौं उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरू | २०८० असोज / निरन्तर | • योजना निर्माण<br>• कार्यक्रम कार्यान्वयन | अपराध, सामाजिक विकृति र विसङ्गति विरुद्ध जनचेतना अभिवृद्धि तथा समुदाय प्रहरी साझेदारी थप प्रभावकारी हुने । | नियमित बजेट |
| | १३.४.८. कसुरको अनुसन्धान गर्ने प्रत्येक प्रहरी कार्यालयहरूको हिरासतमा पुस्तकालयको व्यवस्था गर्ने । | काठमाडौं उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयहरू | अपराध अनुसन्धान विभाग | २०८० भदौ / निरन्तर | • योजना<br>• पुस्तकालयको व्यवस्था | थुनुवाहरूको मनोविज्ञानमा सकारात्मक परिवर्तन आउने। | नियमित बजेट |
| | १३.४.९. विभिन्न संघ संस्थासँग समन्वय गरी शैक्षिक छात्रवृत्तिको सङ्ख्यामा वृद्धि गर्न पहल गर्ने । | कल्याण महाशाखा | प्रशासन विभाग | २०८० कार्तिक /निरन्तर | • छात्रवृत्तिको सङ्ख्यामा वृद्धि | प्रहरी कर्मचारीहरूको मनोबलमा वृद्धि । | थप बजेट |

## ६. जोखिम र जोखिम व्यवस्थापन

नेपाल प्रहरी कार्य योजनामा समाविष्ट योजना गतिविधिहरू सञ्चालन गर्दा विभिन्न जोखिमहरू हुनसक्ने आकलन गरिए अनुरूप निम्नानुसारको जोखिम व्यवस्थापनका उपायहरू अवलम्बन गर्न वाञ्छनीय देखिन्छ।

| कार्यगत उद्देश्य | जोखिमहरू | जोखिम व्यवस्थापन |
|---|---|---|
| **लक्ष्य १ : संघीय संरचना अनुरूप प्रहरी कर्मचारीहरूलाई नेपाल प्रहरी र प्रदेश प्रहरीमा समायोजन गर्ने।** | | |
| १.१.प्रहरी कर्मचारीहरूलाई नेपाल प्रहरी र प्रदेश प्रहरीमा समायोजन गर्ने। | समयमा नै कानुन निर्माण तथा निर्णय नहुनु। | बहु-पक्ष समन्वय पहल गर्ने। |
| १.२. नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्य प्रवाह प्रभावकारी बनाउने। | सरोकारवाला निकायबाट अपेक्षित सहयोग प्राप्त नहुनु। | चरणगत रूपमा निरन्तर पहल गर्ने। |
| १.३. नेपाल प्रहरी र प्रदेश प्रहरी बीचको सम्बन्ध, सहयोग तथा समन्वयमा विकास गर्ने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | योजना स्वीकृति तथा कार्यान्वयन गर्ने। |
| **लक्ष्य २: विद्यमान कानुन तथा नीतिमा समय सापेक्ष सुधार गर्ने।** | | |
| २.१. समय सापेक्ष नेपाल प्रहरीसँग सम्बन्धित ऐन/नियम निर्माण तथा संशोधनको लागि पहल गर्ने। | सम्बद्ध निकायहरूबाट अपेक्षित सहयोग प्राप्त नहुनु। | बहु-पक्ष समन्वय पहल गर्ने। |
| **लक्ष्य ३: नेपाल प्रहरीको इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने।** | | |
| **३.१. नेपाल प्रहरी सम्बन्धी इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने।** | आवश्यक बजेट विनियोजन हुन नसक्नु। | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने। |
| **लक्ष्य ४: नेपाल प्रहरीको आन्तरिक सुदृढीकरण गर्ने।** | | |
| ४.१. नेपाल प्रहरीको अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई सुदृढ बनाउने। | प्रस्ताव अनुसार O&M स्वीकृत हुन नसक्नु। | योजनाबद्ध तथा निरन्तर पहल गर्ने। |
| ४.२. आर्थिक अनुशासन र पारदर्शिता कायम गर्ने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | आगामी योजनामा राख्न पहल गर्ने। |
| ४.३. नागरिक मैत्री प्रभावकारी प्रहरी सेवा विस्तार गर्ने। | बजेट विनियोजन हुन नसक्नु। | आगामी आ.व.मा समावेश गर्न निरन्तर पहल गर्ने। |
| ४.४. नेपाल प्रहरीको विद्यमान संरचना तथा प्रणालीहरूको स्तरोन्नती गर्ने। | बजेट विनियोजन हुन नसक्नु। | आगामी आ.व.मा समावेश गर्न निरन्तर पहल गर्ने। |
| **लक्ष्य ५: विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान प्रणालीको विकास गर्ने।** | | |
| ५.१. अपराध अनुसन्धान कार्यलाई थप व्यवसायिक तथा विशिष्टिकृत गर्ने। | आवश्यकता अनुरूप जनशक्ति व्यवस्थापन गर्न कठिनाइ हुनु। | कार्यविधि निर्माण गरी जनशक्ति व्यवस्थापन गर्ने। |
| ५.२. प्रविधिमा आधारित अपराध अनुसन्धान पद्धतिको सुदृढीकरण गर्ने। | आवश्यक बजेट विनियोजन हुन नसक्नु। | आगामी आ.व.मा समावेश गर्न निरन्तर पहल गर्ने। |
| ५.३. विशिष्टिकृत अपराध अनुसन्धान गर्ने इकाइको क्षमता विकास गर्ने। | आवश्यक बजेट विनियोजन हुन नसक्नु। | आगामी आ.व.मा समावेश गर्न निरन्तर पहल गर्ने। |
| ५.४. अन्तर्राष्ट्रिय प्रहरी समन्वय प्रभावकारी बनाउने। | सम्बद्ध निकायहरूबाट अपेक्षित सहयोग प्राप्त नहुनु। | बहु-पक्ष समन्वय पहल गर्ने। |
| ५.५. महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूको संस्थागत सुदृढीकरण गर्ने। | आवश्यक बजेट विनियोजन हुन नसक्नु। | थप स्रोत सुनिश्चितताको लागि पहल गर्ने |

| कार्यगत उद्देश्य | जोखिमहरू | जोखिम व्यवस्थापन |
|---|---|---|
| **लक्ष्य ६: शान्ति सुरक्षा तथा प्रहरी कारबाही व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्ने ।** | | |
| ६.१. प्रहरीको शान्ति-सुव्यवस्था (Public Order Management) क्षमताअभिवृद्धि गर्ने । | आवश्यक बजेट विनियोजन हुन नसक्नु । | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने । |
| ६.२. राजमार्ग सुरक्षा र ट्राफिक व्यवस्थापनलाई प्रविधियुक्त बनाई प्रणालीगत सुधार गर्ने । | आवश्यक बजेट विनियोजन हुन नसक्नु । | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने । |
| ६.३. विपद् व्यवस्थापनको संगठनात्मक क्षमता अभिवृद्धि गर्ने । | आवश्यक बजेट विनियोजन हुन नसक्नु । | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने । |
| ६.४. प्रहरीको गतिशीलतामा अभिवृद्धि गर्न सवारी साधन खरिद गरी सञ्चालन गर्ने । | आवश्यक बजेट विनियोजन हुन नसक्नु । | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने । |
| **लक्ष्य ७: प्रहरी सेवा प्रवाहमा प्रविधिमैत्री प्रणालीको विकास गर्ने ।** | | |
| ७.१. प्राविधिक सेवा प्रवाह गर्ने प्राविधिक समूहहरूको सुदृढीकरण गर्ने । | सम्बद्ध निकायहरूबाट अपेक्षित सहयोग प्राप्त नहुनु । | बहु-पक्ष समन्वय पहल गर्ने । |
| ७.२. प्रविधिमैत्री प्रहरी सेवाको संस्थागत विकास गर्ने । | आवश्यक बजेट विनियोजन हुन नसक्नु । | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने । |
| ७.३. आधुनिक प्रविधिको प्रयोग मार्फत प्रहरी सेवालाई थप चुस्त बनाउने । | आवश्यक बजेट विनियोजन हुन नसक्नु । | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने । |
| ७.४. प्रविधियुक्त प्रहरी कार्यको लागि आवश्यक उपकरण खरिद गर्ने । | आवश्यक बजेट विनियोजन हुन नसक्नु । | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने । |
| **लक्ष्य ८: नेपाल प्रहरीको खोज तथा अन्वेषण र अनुगमन तथा मूल्याङ्कन पद्धतिको सुदृढीकरण गर्ने ।** | | |
| ८.१. नेपाल प्रहरीको लागि आवश्यक पर्ने शोध अध्ययन गर्ने । | आवश्यक बजेट विनियोजन हुन नसक्नु । | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने । |
| ८.२. नेपाल प्रहरीको अन्वेषण क्षमता अभिवृद्धि गर्ने । | आवश्यक बजेट विनियोजन हुन नसक्नु । | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने । |
| **लक्ष्य ९: नागरिक केन्द्रित प्रहरी सेवा प्रवाहमा अभिवृद्धि गर्ने ।** | | |
| ९.१. मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि क्षमता अभिवृद्धि गर्ने । | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु । | आगामी योजनामा राख्न पहल गर्ने । |
| ९.२. जोखिममा रहेका नागरिकहरूको संरक्षण गर्न पहल गर्ने । | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु । | आगामी योजनामा राख्न पहल गर्ने । |
| ९.३. समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाउने । | आवश्यक बजेट विनियोजन हुन नसक्नु । | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने । |

| कार्यगत उद्देश्य | जोखिमहरू | जोखिम व्यवस्थापन |
|---|---|---|
| **लक्ष्य १०: प्रहरी जनशक्ति व्यवस्थापन तथा सुदृढीकरण गर्ने।** | | |
| १०.१. सेवा विशिष्टिकरणको आधारमा सम्बन्धित प्रहरी कर्मचारीहरूलाई जिम्मेवारी दिने नीति कार्यान्वयन गर्ने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | योजना स्वीकृति तथा कार्यान्वयन गर्ने। |
| १०.२. कार्यसम्पादनमा आधारित अनुमानयोग्य बढुवा प्रणालीलाई थप परिस्कृत गर्ने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | योजना स्वीकृति तथा कार्यान्वयन गर्ने। |
| १०.३. सरुवालाई सङ्गठनको आवश्यकता र समान अवसरमा आधारित मनोवलयुक्त प्रणाली कार्यान्वयन गर्ने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | योजना स्वीकृति तथा कार्यान्वयन गर्ने। |
| १०.४. नेपाल प्रहरीको सुपरिवेक्षण तथा अनुगमन प्रभावकारिता अभिवृद्धि गर्ने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | योजना स्वीकृति तथा कार्यान्वयन गर्ने। |
| १०.५. बजेटलाई कार्यक्रममा आधारित र पारदर्शी बनाई संस्थागत गर्ने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | योजना स्वीकृति तथा कार्यान्वयन गर्ने। |
| **लक्ष्य ११: वैज्ञानिक र आवश्यकतामा आधारित प्रशिक्षण प्रणाली विकास गर्ने।** | | |
| ११.१. नेपाल प्रहरीको प्रशिक्षण प्रणालीलाई समयानुकूल विकास गर्ने। | आवश्यक बजेट विनियोजन हुन नसक्नु। | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने। |
| ११.३. नेपाल प्रहरीको खेलकुदलाई थप उत्कृष्ट बनाउने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | योजना स्वीकृति तथा कार्यान्वयन पहल गर्ने। |
| **लक्ष्य १२: भौतिक पूर्वाधारको विकास तथा श्रोत साधनको समुचित व्यवस्थापन गर्ने।** | | |
| १२.१. नेपाल प्रहरीलाई आवश्यक जग्गा प्राप्ति तथा भौतिक पूर्वाधार निर्माण गर्ने। | आवश्यक बजेट विनियोजन हुन नसक्नु। | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने। |
| १२.२. नेपाल प्रहरीको भौतिक संरचना सम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | योजना स्वीकृति तथा कार्यान्वयन गर्ने। |
| **लक्ष्य १३: कल्याणकारी योजनाहरूको क्षेत्र र पहुँच अभिवृद्धि गर्ने।** | | |
| १३.१. लक्षित वर्ग केन्द्रित कल्याणकारी योजना विकास गर्ने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | योजना स्वीकृति तथा कार्यान्वयन पहल गर्ने। |
| १३.२. नेपाल प्रहरी अस्पतालको सेवा विस्तार तथा सुधार गर्ने। | आवश्यक बजेट विनियोजन हुन नसक्नु। | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने। |
| १३.३. संयुक्त राष्ट्रसंघमा प्रहरी सहभागिता अभिवृद्धि गर्ने। | योजना स्वीकृति तथा कार्यान्वयन हुन नसक्नु। | योजना स्वीकृति तथा कार्यान्वयन गर्ने। |
| १३.४. नवप्रवद्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने। | आवश्यक बजेट विनियोजन हुन नसक्नु। | थप स्रोत बाहेकको कार्य आरम्भ गर्ने तथा बजेटको लागि पहल गर्ने। |

## ७. संक्षेप

यस कार्ययोजनाले निर्धारण गरेको प्रचलित कानुनको अधीनमा रही मुलुकभर सुदृढ शान्ति-सुव्यवस्था कायम राख्ने, अपराध रोकथाम तथा नियन्त्रण गर्न विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान क्षमता अभिवृद्धि एवं व्यवसायिक सुदृढीकरणको माध्यमबाट प्रहरी सेवा प्रवाहको गुणस्तर वृद्धि गरी समग्र प्रहरी सङ्गठनको दीर्घकालीन विकास तथा रूपान्तरण गर्ने उद्देश्य अनुरूप कार्ययोजनाका लक्ष्य, कार्यगत उद्देश्य, कार्ययोजना क्रियाकलापहरू तथा कार्य प्रगति सूचकहरू तय गरिएका छन् । प्रहरी कार्यमा सार्वजनिक शान्ति सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन, प्रहरी कार्यमा निष्पक्षता तथा प्रभावकारिता सवलीकरण गर्न, प्रहरी कार्यको उत्तरदायित्व अभिवृद्धि गरी प्रहरी सेवामा समग्र नागरिकहरूको पहुँच सुदृढ गर्न प्रणालीगत सुधार तथा विकासको लागि यो योजना तयार गरी कार्यान्वयन गर्न लागिएको हो । कार्ययोजनाका लक्ष्य, कार्यगत उद्देश्य तथा कार्ययोजना क्रियाकलापहरू निर्धारण गर्ने क्रममा विभिन्न किसिममा चरणवद्ध छलफलको माध्यमबाट जिम्मेवार कार्यालयहरूको रचनात्मक राय  तथा सुझाव सङ्कलन गरी यथासम्भव SMART बनाउन प्रयत्न गरिएको छ । नेपाल प्रहरीका नीति निर्माण तहका अधिकृत, फिल्ड तहका कमाण्डर र समग्र कर्मचारीहरूबीचको विश्वास प्रणालीको सुदृढीकरणले नै यस प्रकारका सांगठनिक कार्य योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सकिन्छ । कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न समग्र प्रहरी सङ्गठनका सम्पूर्ण कर्मचारीहरूको दृढ सङ्कल्प तथा सकारात्मक सोच आवश्यक रहेको छ ।